सामाजिक सञ्जालको प्रयोग गर्दा सावधानी अपनाऔं, सामाजिक मर्यादाको ख्याल गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily.com




निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com

❖ वर्ष ३७ ❖ २०८० माघ ०१ गते सोमवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2024 January 15 Monday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क १३६

## धोबिनी र कालिकामाई गापा पूर्णखोप घोषणाको तयारी

प्रस, परवानीपुर, २९ पुस/

आगामी चैत मसान्तभित्र पर्सा जिल्लालाई पूर्णखोप घोषणा गर्ने लक्ष्यका साथ तयारी तीव्र पारिएको छ । पर्साका १४ वटा स्थानीय तहमध्ये ११ वटा पालिका पूर्णखोप घोषणा भइसकेका छन् भने विन्ध्यवासिनी, धोबिनी र कालिकामाई तीनवटा पालिका घोषणा हुन बाँकी छन् । जसमध्ये विन्ध्यवासिनी गापालाई माघ २ गते पूर्णखोप घोषणा गर्ने लक्ष्य राखिएको छ ।

यसै सन्दर्भमा जिल्ला खोप समन्वय समिति, पर्साको बैठकले आइतवार माघ २ गते विन्ध्यवासिनी गापालाई पूर्णखोप घोषणा गर्ने सिफारिश गरेको छ । जिसस, पर्साको सभाहलमा आयोजित बैठकमा यस्तो निर्णय भएको हो ।

जिसस सभापति निरञ्जन साह सोनार (अजय)को सभापतित्वमा भएको कार्यक्रममा जिससका उपसभापति पुरन पटेल, प्रमुख जिल्ला अधिकारी दिनेशसागर भुसाल, स्वास्थ्य कार्यालय, पर्साका प्रमुख डा मुक्तिनारायण साह, स्वास्थ्य कार्यालय, पर्साका जनस्वास्थ्य अधिकृत जयमोद ठाकुर, वीरगंज महानगरपालिकाका स्वास्थ्य महाशाखाका प्रमुख अनिल यादवलगायतको सहभागिता थियो ।




बैठकले नारायणी अस्पताल वीरगंजमा विगत लामो समयदेखि बन्द भएको नियमित खोप क्लिनिकलाई सञ्चालनमा ल्याउने निर्णय गरेको छ । कर्मचारी व्यवस्थापनको लागि वीरगंज महानगरपालिकाले सहयोग गर्ने एवं नियमित खोप क्लिनिक सञ्चालनको लागि ठाउँको व्यस्थापन गर्न स्वास्थ्य कार्यालय, पर्साले नारायणी अस्पताललाई पत्राचार गर्ने निर्णय भएको छ ।

नारायणी अस्पतालमा नियमित खोप क्लिनिक बन्द हुँदा त्यहाँ जन्मिने बच्चाहरूलाई सही समयमा खोप लगाउन सकिएको छैन ।

यसैबीच, पर्साका थप दुईवटा पालिकालाई पूर्णखोप घोषणा गर्नको लागि समन्वय बैठकमा निर्णयसमेत भएको छ । पर्साको धोबिनी गापालाई माघ २८ गते र कालिकामाई गापालाई माघ २९ गते पूर्णखोप घोषणा गर्ने निर्णय भएको स्वास्थ्य कार्यालय, पर्साले जनाएको छ ।

धोबिनी गापाको समन्वय बैठकमा गापा अध्यक्ष मदन चौहान, प्रमुख प्रशासकीय अधिकृत प्रमोदकुमार साह, स्वास्थ्य शाखा प्रमुख सञ्जय यादव, स्वास्थ्य संस्थाका प्रमुख एवं स्वास्थ्यकर्मीलगायत सरोकारवालाको सहभागिता थियो भने कालिकामाई गापाका अध्यक्ष वशिष्ठकुमार कलवार, स्वास्थ्य शाखा प्रमुख योगेन्द्र चौरसियालगायत स्वास्थ्यकर्मी एवं युनिसेफका प्रतिनिधिद्वय सुरेश साह र रणबहादुर राणालगायतको सहभागिता थियो ।

## महानगरले पाँच महीनामा करीब २७ करोड राजस्व उठायो
### गत वर्षको तुलना चार करोड बढी

प्रस, वीरगंज, २९ पुस/

वीरगंज महानगरपालिका कार्यालयले चालू आवको पाँच महीनामा २६ करोड ९० लाख ५१ हजार ५८७ राजस्व सङ्कलन गरेको राजस्व महाशाखाका प्रमुख मनोज कर्णले बताए । उनले गत वर्षको पाँच महीनाको तुलनामा करीब चार करोड बढी राजस्व सङ्कलन भएको बताए । गत वर्ष चालू आवको पाँच महीनामा २३ करोड सात लाख ५६ हजार ९१० राजस्व सङ्कलन भएको थियो ।




उनले सम्पत्तिकरबाट चालू आवमा १० करोड ४९ लाख ६५ हजार ७००, भूमि/मालपोतबाट ५५ लाख २८ हजार ८३०, घरबहाल करबाट तीन करोड २६ लाख ३० हजार १४०, बहाल बिटौरी करबाट ११ लाख ५१ हजार २००, सवारीसाधन कर (साना सवारी) १६ लाख २० हजार ६७०, पूर्वाधार सेवाको उपयोगमा लाग्ने कर एक करोड चार लाख छ हजार २००, बाँडफाँटबाट प्राप्त विज्ञापन करबाट १९ लाख ६७ हजार २६२, मनोरञ्जन करबाट ७९ हजार ७८०, व्यवसाय रजिस्ट्रेशन दस्तुरबाट एक करोड ४८ लाख ६४ हजार ६८० सङ्कलन भएको बताए ।

यसैगरी, सरकारी सम्पत्ति बहालबाट दुई करोड ७१ लाख ८२ हजार ३०४, निजी धारा जडान शुल्कबाट ७८ हजार ८००, अन्य सेवा शुल्कबाट एक करोड ७४ लाख ४६ हजार ६३७, न्यायिक दस्तुरबापत १४ हजार ७०, अन्य प्रशासनिक सेवा शुल्कबापत १३ लाख ९४ हजार १६९, नक्शापास दस्तुरबापत एक करोड ७७ लाख १४ हजार १९८, सिफारिश दस्तुरबापत एक करोड १६ लाख ६९ हजार ६८६, व्यक्तिगत घटना दर्ता दस्तुरबापत १५ लाख ८० हजार ६७, नाता प्रमाणित दस्तुरबापत ११ लाख ९७ हजार ९४०, अन्य दस्तुरबापत दुई लाख २० हजार, प्रशासनिक दण्ड जरिवाना र जफतबापत ३६ लाख १९ हजार ३४५ तथा बेरुजू छ लाख १९ हजार १० गरी चालू आवको पाँच महीनामा २६ करोड ९० लाख ५१ हजार ५८७ राजस्व सङ्कलन भएको बताए ।

## माघी महोत्सवबारे पत्रकार सम्मेलन

प्रस, वीरगंज, २९ पुस/

माघी (खिंचडी) मूल समारोह समिति, पर्साले आइतवार वीरगंजमा पत्रकार सम्मेलन गरी थारू माघी महोत्सव–२०८० वीरगंज महानगर–१० आदर्शनगर, पुरानो बसपार्कमा भव्य कार्यक्रमको साथ आयोजना गर्ने जनाएको छ ।

समितिका संयोजक शेखर चौधरीले आदिवासी थारू समुदायको माघी (खिंचडी) पर्व तथा थारू समुदायको नयाँ वर्ष २६४८ को शुभकामना आदानप्रदान, भाषा तथा संस्कृतिको झलकका साथै माघी समारोह मनाउने तथा राज्यमा आदिवासी थारू समुदायको राजनीतिक, सांस्कृतिक, सामाजिक पहिचान, राज्यको हरेक निकायमा समानुपातिक समावेशी प्रतिनिधित्वसहितको हकअधिकार आम जनसमुदायको जीवनरक्षा हेतु रक्तदान कार्यक्रमसमेत गरेर मनाउने तय भएको बताए ।

उनले बिहान ११:३० बजे घण्टाघरबाट थारू संस्कृति झल्किने




घाँटो, समाचकेवा, झम्टा, थारू पूर्वी नाच, बालबालिकाद्वारा थारू गीत, नृत्य, कला प्रदर्शनी र थारू विशेष परिकार घोडी, गङ्गटो, माछा, परेवा, हाँस, कुखुरा, तिल/भुजाको लड्डु आदिको व्यवस्थापन गरिने बताए ।

वीरगंजसहित पर्सा जिल्लाका पाँचवटा स्थानमा यस वर्ष माघी पर्व मनाउने थारू समुदायले तयारी गरेको छ ।

पटेर्वासुगौली गापा–४ स्थित नेरामावि दाप सुगौलीको खेलमैदान, जीराभवानी गापा–१, पर्सागढी नगरपालिकाको बडनिहारमा र सखुवाप्रसौनी गापा–२ पंचगावाँमा माघी महोत्सवको तयारी भएको छ ।

माघी पर्व वीरगंजबाट मनाउन शुरू भएको र अहिले क्रमशः जिल्लाका पाँचवटा स्थानमा भव्यरूपमा यो महोत्सव मनाउन थालिएको छ ।

## प्रहरीद्वारा ग्रामीण भेगमा पैदल गस्ती शुरू

बलिराम शुक्ला, बिरुवागुठी, २९ पुस/

इलाका प्रहरी कार्यालय, पटेर्वासुगौलीले आफ्नो इलाका अन्तर्गत रहेको ग्रामीण भेगमा पैदल गस्ती शुरू गरेको छ ।

'हर प्रहर, गाउँ र नगरी, टोलटोलमा नेपाल प्रहरी' नाराका साथ वरिष्ठ हवलदार राजनेतप्रसाद यादवको नेतृत्वमा सातजनाको प्रहरी टोलीले गाउँटोलमा पैदल गस्ती शुरू गरेको इप्रका, पटेर्वासुगौलीका प्रहरी निरीक्षक रामराजा केशरीले बताए ।

केशरीका अनुसार २७ गते शुक्रवार इप्रका, सेढवाबाट निस्केको प्रहरी टोलीले सेढवा, जगतिया बलुवा, पकडीटोल महादेवपट्टि, पिडारीगुठी हुँदै पाँडेपुर, जमुनिया, जगरनाथपुर, सुपौली, माडटोला, शङ्करसरैया, सखुनिया, हरैया गाउँटोलका स्थानीयसँग भेटघाट गरी प्रहरी–समुदायबीचको सम्बन्ध, गाउँटोलको सुरक्षा अवस्था र चुनौती र त्यस भेगमा रहेका प्रहरीहरूको सक्रियताबारे सल्लाह, सुझाव र गुनासोसहित मातहतको प्रहरी कार्यालयमा जानकारी गराउने गरेको छ ।

प्रहरी पैदल गस्ती टोली गस्ती गर्ने क्रममा राति नजीकैको प्रहरी चौकीमा बास बस्ने गरेको र बिहान खाना खाई पुनः गाउँ, टोल, बस्तीमा गस्ती गर्ने गरेको छ ।

प्रनि केशरीले आफ्नो इलाका ठूलो रहेकोले अब सातामा दुईवटा पैदल प्रहरी




गस्ती टोलीले अनुगमन गर्ने र यो कार्यलाई निरन्तरता दिइने बताए ।

## आफताब आलमको मुद्दाको सुनवाइ सारियो

प्रस, रौतहट, २९ पुस/

महमद आफताब आलम मुद्दाको सुनवाइ न्यायाधीश अभावमा आइतवार पनि सारिएको छ ।

रौतहट जिल्ला अदालतमा रहेका सातजना न्यायाधीशमध्ये तीनजनाको उच्च अदालतमा सिफारिश भएका र दुईजना बिदामा रहेका तथा गोलाप्रथा गर्दा उपस्थित दुवै न्यायाधीशको भागमा मुद्दा नपरेपछि सारिएको रौतहट जिल्ला अदालतका श्रेस्तेदार उद्धव ढोडारीले बताए ।

सातजना न्यायाधीशमध्ये आइतवार दुईजना न्यायाधीश मात्र अदालतमा उपस्थित रहेका र गोला गर्दा आलमको मुद्दा दुवै न्यायाधीशको भागमा नपरेको उनले बताए । आलम मुद्दाको सुनवाइ माघ २० वा २१ गते हुने श्रेस्तेदार ढोडारीले बताए ।

सरकारी वकील र आलमका वकीलबाट बहस नोट प्राप्त भइसकेकाले अदालतले मुद्दामा अन्तिम सुनवाइका लागि आज पेसी तोकेको थियो । कात्तिकको तेस्रो साता अदालतले मुद्दाको गम्भीरता र जटिलता विचार गरी सरकारी वकील र आलमका वकीललाई १५ दिनभित्र बहस नोट पेश गर्न आदेश दिएको थियो ।

## दुर्घटनामा एकजनाको मृत्यु, दुईजना फरार

प्रस, पोखरिया, २९ पुस/

मोटरसाइकल दुर्घटनामा घाइते एकजनाको मृत्यु भएको छ भने दुईजना फरार भएका छन् ।

शनिवार राति डोकैला बहुअरीबाट पोखरिया नगरपालिका–१० घरतर्फ आउने क्रममा तीनजना सवार मोटरसाइकल पटनीस्थित ढोंगही खोलामा खसेको थियो । उनीहरूलाई उद्धार गरी घर लैजाने क्रममा उमेश साह, गठल पटेल बाटोबाटै फरार भएका र पन्नालाल साह गोढलाई घर लगिएको थियो ।

स्थानीयका अनुसार उनले आफू ठीक भएको र घरमैं आराम गर्ने इच्छा जाहेर गरेपछि अस्पताल नलगेर घरमैं राखिएको थियो ।

बिहान चार बजे उनलाई असहज भएको र पोखरिया अस्पताल पुऱ्याएपछि निधन भएको थियो ।

अस्पतालका डा सुरेश यादवले अस्पतालमा ल्याउँदा गोढको निधन भइसकेको बताए । शव शल्यपरीक्षणको लागि वीरगंज पठाइएको र घटनामा फरार दुईजनाको खोजी भइरहेको इलाका प्रहरी कार्यालय, पोखरियाका प्रहरी निरीक्षक मोहनविक्रम केसीले बताएका छन् ।

## पाँच महिलासहित ७४ जनाद्वारा रक्तदान




प्रस, वीरगंज, २९ पुस/

पर्सा र बारामा माघी महोत्सवको अवसरमा दुई ठाउँमा आइतवार रक्तदान कार्यक्रम सम्पन्न भए ।

पर्सा जिल्लाको जीराभवानी गाउँपालिका–१ पकडीटोलमा युवा समाजले आयोजना गरेको रक्तदान कार्यक्रममा चारजना महिलासहित ३० जनाले रक्तदान गरेको रक्तसञ्चार केन्द्र, वीरगंजका प्राविधिक जीतेन्द्र कुशवाहाले बताए । रक्तदान कार्यक्रममा रेखादेवी, सञ्जय चौधरी, लीलावतीदेवी, निम्बुकुमारी, रामशरण खवास, महादेव महतो थारू, मुकेश दास, उमेश सिंह, शेख साजिदलगायतले रक्तदान गरेका थिए ।

बारा जिल्लाको कोल्हवी नगरपालिका –११ चन्द्रवन्त रङ्गशाला रामपूर्वामा थारू कल्याणकारीसभा, बाराले आयोजना गरेको रक्तदान कार्यक्रममा एकजना महिलासहित ४४ जनाले रक्तदान गरेका छन् ।

कलिता चौधरी, सुभाष चौधरी, रामसेवक चौधरी, सुनील चौधरी, मोमताज देवान, राजेश चौधरी, सुरेन्द्र चौधरी, शैलेन्द्र चौधरीलगायतले रक्तदान गरेका थिए ।

## विचारसार र सूक्तिहरू

**सबै मानिस असल नलाग्लान्, तर सबैमा केही न केही असल गुण हुन्छ । कसैप्रति एउटै दृष्टिकोण नराख, किनकि छुट्टाछुट्टै मानिससँग मानिसको व्यवहार छुट्टाछुट्टै हुन सक्छ ।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि., वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | राजाप्रसाद कुर्मी (आरके) |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)

त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५

email: eprateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


# वन संरक्षणमा हेलचक्र्याइँ

**पर्सा र बाराको वन फडानी कार्य रोकिएको छैन । बर्सेनि ठूलो सङ्ख्यामा वन फडानी हुने र तस्करहरूले काठ बिक्री गर्दै आएको समाचारहरू सुनिन्छ । यो होइन कि तस्करी नियन्त्रणका प्रयासहरू भएका छैनन् । वन फडानी रोक्नका लागि सामुदायिक वन उपभोक्ता समितिहरू पनि गठन गरिएको छ । वन संरक्षणमा समुदायको सहभागिता गराइए पनि कतिपय सामुदायिक वन उपभोक्ता समितिहरूको संलग्नतामा पनि वन फडानी भएको र काठ तस्करी हुने गरेको कुरा लुकेछिपेको छैन । काठ तस्करीका लागि पनि कतिपय सामुदायिक वन उपभोक्ता समितिमा मानिसहरूको संलग्नता बढेको छ । वन संरक्षण गर्ने उद्देश्यले भन्दा दुरुपयोग गरेर अर्थ उपार्जन गर्ने उद्देश्यले समितिहरूमा बसेकाहरूले हरबखत वन फडानी कसरी गर्ने, आम्दानी कसरी गर्ने भन्ने ध्येय पालेका तर उनीहरूको उद्देश्य पूरा हुन नदिने खालका गतिविधिहरू हुन सकेको छैन । पर्सामा तीनवटा र बारामा करीब आठवटा वन उपभोक्ता समितिहरू छन् । यसको अलावा वन विभाग, सब–वन डिभिजनहरूमा वन सुरक्षाकर्मी र निकुञ्जहरूमा रहेको वनको संरक्षणका लागि नेपाली सेना । वन संरक्षणको पहिलो पङ्क्तिमा तीनथरीको संलग्नता छ भने त्यसबाहिर दोस्रो पङ्क्तिमा सशस्त्र र जनपद प्रहरी । तर पञ्च सुरक्षा घेरा तोडेर काठको तस्करी भइरहेको छ भने हाम्रो सुरक्षाकर्मीहरूमा कमी–कमजोरी छ ।**

**वन सुरक्षाको उदाहरण अन्यत्र कतै खोज्न जानुपर्दैन । पर्सा जिल्लाको ठोरी गाउँपालिकासँग जोडिएको छिमेकी भारतको भिखनाठोरीस्थित वन क्षेत्रलाई लिन सकिन्छ । पारीपट्टी भारतको बिहार सरकारले वन सम्बन्धित कडा कानून बनाएको कारण भिखनाठोरीको वन क्षेत्र सुरक्षित छ भने नेपालतर्फको ठोरी गापामा रहेको वन क्षेत्र फडानीको शिकार भएको छ । जङ्गे पिलर र त्यसपछिको ठुट्टे खोला पारीको भारतीय हराभरा वन अनि खोलाको नाम सरह ठोरी गापाको ठुट्टे वन क्षेत्र । ठोरी गापाका कतिपय वन क्षेत्र तस्करहरूको कोपभोजनको शिकार भएको छ भने कतिपय वन क्षेत्र बस्ती विकासको नाममा अतिक्रमणको शिकार भएर फडानी भएको छ । आलाकाँचा रूखहरू जथाभावी फडानी गरिएको दृश्य उहिलेदेखि अहिलेसम्म देख्न सकिन्छ । पर्सा र बारा जिल्लाका वन क्षेत्रहरू कति अतिक्रमणको शिकार भएका छन् भन्ने कुरा वन कार्यालयको प्रतिवेदनबाट पुष्टि हुन्छ तर अतिक्रमण हटाउने विषयमा वनकर्मीहरू अहिलेसम्म सफल हुन सकेका छैनन् । आफ्नो अभीष्ट पूरा गर्न अथवा राजनीतिक फाइदा उठाउने अभिप्रायबाहेक वन संरक्षणको लागि अतिक्रमण हटाउने वन क्षेत्र बढाउनेतर्फ सोच नै परिवर्तन हुन सकेको छैन ।**

**वन क्षेत्रमा वृक्षारोपण गरिन्छ तर त्यसको संरक्षण गरिंदैन । भएका वनको सुरक्षा गरिन्न । एकातर्फ वन विनाश रोक्न सकिएको छैन भने अर्कोतर्फ विनाश भएको क्षतिपूर्तिका लागि वन क्षेत्र बढाउन सकिएको छैन । बर्सेनि वन क्षेत्र वृद्धिका लागि वृक्षारोपण गरिन्छ । सयौं बिघामा वृक्षारोपण हुन्छ, तर संरक्षणका लागि हेरालु राखिंदैंन । भगवान भरोसे कुनै वृक्ष हुर्के बढेबाहेक संरक्षित तरीकाबाट वन क्षेत्रको विकास गर्न सकिएको छैन । तस्करी नियन्त्रण गर्ने, रूख कटान गर्नेलाई कडा कारबाई गर्ने, वृक्षारोपणलाई संरक्षण गर्ने, राजनीतिबाट वन क्षेत्रलाई टाढा राख्ने जस्ता कामकारबाई जबसम्म हुँदैन तबसम्म वन संरक्षणको कुरा फगत नारामा मात्र सीमित रहन्छ, जुन अहिलेसम्म हुँदै आएको छ ।**

# असल शिक्षक बन्ने सूत्रहरू –२

शिक्षा नेपाल




अनन्तकुमार लाल दास
anantlaldas@gmail.com


**राम्रो शिक्षकलाई कक्षाको पहिलो बेंचदेखि अन्तिम बेंचमा बस्ने विद्यार्थीको नाउँ याद हुनुपर्छ । शिक्षकले किताबले होइन, मनले विद्यार्थीहरूलाई पढाउने अभ्यास गर्नुपर्छ । कक्षाको कुनै कुनामा चुपचाप बस्ने विद्यार्थीसँग पनि जवाफ हासिल गर्नु एउटा असल शिक्षकको विशेषता हो ।**

लोकको शक्तिलाई बलियो बनाउन, मुलुकको सार्वभौमिकता र स्वतन्त्रतालाई अक्षुण्ण राख्न, सामाजिक सद्भाव र मेलजोलको संस्कृतिलाई प्रोत्साहित गर्न र समृद्ध नेपालको परिकल्पना साकार पार्न आज असल शिक्षकको खाँचो छ । आज हामी शिक्षकहरूले शिक्षारूपी धर्म धारण त गरेका छौं तर यसको साथसाथै वर्तमान परिवेशमा अनेक कर्महरू पनि जोडेका छौं जसले गर्दा शिक्षाको दिनानुदिन दुर्गति हुन थालेको छ र हाम्रा सन्ततिहरूको भविष्य चौपट हुने अवस्थामा पुगेको छ । आजको सबैभन्दा ठूलो चुनौती भनेकै शिक्षकले आफूलाई शिक्षकको रूपमा हेर्न नसक्नु हो । पछिल्लो लेखमा विद्यार्थी शिक्षाका साथै समुन्नत राष्ट्रको परिकल्पना साकार पार्न शिक्षकहरूले आआफ्नो भूमिका बुझ्नुपर्ने वर्तमानको आवश्यक रहेको कुरा औंल्याएको थिएँ । यिनै कुरालाई जोड्दै यो लेख असल शिक्षक बन्ने सूत्रहरूका साथ अघि बढेको छ ।

विश्व इतिहास हेर्दा वा कुनै राम्रो पुस्तक पढ्दा वा गुगलमा सर्च गर्दा के जानकारी प्राप्त हुन्छ भने सफल व्यक्तित्वको सफलताको एकमात्र कारण आआफ्नो भूमिकालाई राम्ररी प्रदर्शित गर्नु हो । सोचनीय कुरो के हो भने आजका शिक्षकहरूसँग विभिन्न विषयको ज्ञान त छ, तर पद अनुरूप जिम्मेवारी बोध छैन । यदि तपाईं पद अनुरूप भूमिका निर्वाह गर्न सक्षम हुनुहुन्न भने तपाईं कहिल्यै पनि असल शिक्षक बन्न सक्नुहुन्न । उदाहरणका लागि सुकरातलाई दिइएको जहर खाँदा छेउमैं उभिएका एकजनाले–“तपाईं मर्नुहुन्छ” भन्दा उनले भनेका थिए–“मेरो जीवन लामो छ । मेरो जीवन मैले गर्ने उपकार हो, मेरो सोच हो, मैले भनेको कुरो हो जो कहिल्यै मर्दैन ।” सुकरातले त्यसबेला भनेको कुरो आज पनि पढाइन्छ । आज सुकरातबेगर दर्शनशास्त्रको डिग्री हासिल गर्न सकिंदैन । यस कारण एउटा राम्रो शिक्षकले सधैं आफ्नो भूमिका इमानदारीसाथ निर्वाह गर्नुपर्छ ।

मैले धेरै शिक्षक र प्रअहरूसँग काम गर्ने मौका पाएको छु । कैयन विद्यालयमा गएर आज पनि एउटा सहयोगी शिक्षकको रूपमा पढाउने गर्छु । हाम्रो देशमा डिग्रीको कमी छैन । थुप्रै डिग्रीधारी शिक्षकहरू छन्, तर जब उनीहरूमा पढाउने सीपको खोजी गरिन्छ वा उनीहरू अप–टू–डेट छन् वा छैनन् भन्ने खोज गरिन्छ, निराशा हात लाग्छ । उनीहरू बी.एड गरेका छन्, स्नातकोत्तरको डिग्री पनि हासिल गरेका छन् तर पढाउने सही तरीकाको ज्ञान छैन किनभने उनीहरूमा अध्ययन गर्ने बानीको अभाव छ । कल्पना गर्नुहोस् तपाईं त्यस डुङ्गामा बस्नुहुन्छ जहाँ नाविकले तपाईंलाई भन्छ म नाविक त हुँ तर मलाई डुङ्गा कसरी चलाउने थाहा छैन ? तपाईं एउटा आलमारी बनाउन चाहनुहुन्छ तर बढईले भन्छ म बढई त हुँ तर मलाई आलमारी बनाउन आउँदैन । हाम्रो शिक्षकलाई के थाहा छैन भने विभिन्न समूहबाट आएका विद्यार्थीहरूलाई कसरी पढाउने, उनीहरूलाई कसरी प्रोत्साहित गर्ने, उनीहरूलाई आफूले भन्न खोजेको कुरो कसरी पस्कने, पढाउँदा कस्तो बडी ल्याङ्ग्युज हुनुपर्ने, कस्तो पोशाक लगाउने, उनीहरूलाई कसरी व्यस्त राख्ने । यस्तोमा कसरी उनीहरूले विद्यार्थीहरूलाई उत्प्रेरित गर्न सक्छन् ? उनीहरूलाई कसरी सम्झाउने भन्ने कुरो थाहा छैन भने एउटा शिक्षकले घण्टौं कक्षामा भाषण दिंदा पनि त्यो विद्यार्थीहरूका लागि मिनेटको प्रमाणित हुन्छ । पढाउने सीपको ज्ञान नभएको शिक्षकको कक्षामा विद्यार्थीहरूले कानाखुसी गर्न थाल्छन्, निदाउन थाल्छन्, भौतिकरूपले कक्षामा उपस्थित भए तापनि ध्यान कतै अर्कै ठाउँमा हुन्छ । यस कारण राम्रो शिक्षकले पढाउनुबाहेक अन्य सीपमाथि पनि ध्यान पुर्‍याउनुपर्छ ।

शिक्षण राष्ट्र निर्माण गर्ने एउटा औजार हो । त्यस औजारलाई राम्ररी प्रयोग गर्ने एउटा असल शिक्षक बन्नको लागि भिजन अर्थात् कल्पनाशक्ति, सपना वा समय सुहाउँदो नयाँ सोच हुनु अति आवश्यक हुन्छ । यहाँ ध्यान दिनुपर्ने कुरो के हो भने यदि शिक्षक दूरदर्शी छैन भने उसले दिएको ज्ञानबाट धेरैको जीवन बर्बाद हुन सक्छ । आज शिक्षकलाई आफ्नो परिश्रममाथि विश्वास छैन । उसलाई के अनुमान छैन भने उसको एउटा सानो गल्तीले केटाकेटीहरूको भविष्य चौपट हुन सक्छ । यस कारण आजको शिक्षकले विद्यार्थीलाई घोक्न लगाउँछ, पुस्तकमा चिनो लगाएर याद गर्न भन्छ, अर्थको लोभमा आफूकहाँ ट्यूशन पढ्न आउने प्रेरणा दिन्छ, तर उसलाई कक्षामा, विद्यालय समयभित्र वा अलिकति बढी समय खर्चेर राम्ररी बुझाउने प्रयास गर्दैन । अर्थात् विषयभन्दा बाहिर गएर विद्यार्थीहरूलाई सम्झाउने कोशिश गर्दैन । न उसको आँखामा कुनै चमक हुन्छ, न उसले विद्यार्थीहरूको आँखा चम्किलो बनाउने प्रयास गर्छ । यस्ता शिक्षकसँग कुनै रङ्ग हुँदैन । यस कारण उसले विद्यार्थीहरूलाई रङ्गीन बनाउने कल्पना नै गर्दैन । कक्षामा प्रवेश गर्नु, किताबमा लेखेको कुरा हुबहु पढिदिनु र समय सकिनासाथ घर फर्कने शिक्षक कहिल्यै पनि असल शिक्षक बन्न सक्दैन । एउटा असल शिक्षक सधैं आफ्नो विद्यार्थीलाई आकर्षित गर्ने प्रयास गर्छ, उसको कमी–कमजोरी हटाउने प्रयास गर्छ । आफूमा भएको गुण वा सीप टीममा बाँड्ने कोशिश गर्छ, ऊ आफू नै सबैथोक हुँ भन्ने नठानेर टीम भावनामा विश्वास गर्छ । आजका शिक्षकहरूले विद्यार्थीहरूलाई के पस्किरहेका छन् भन्ने कुरा सोचनीय छ । विद्यार्थीलाई हप्काउनु, डराउनु, बोल्ने मौका नदिनु, भयलाई अनुशासनको रूपमा प्रस्तुत गर्नु, अरूको कुरा नसुन्नु, ‘तिमी यो गर्न सक्छौ’ नभन्नु भनेको आफ्नो तनाव, आफ्नो कमीकमजोरी विद्यार्थीहरूमा बाँड्नु हो । आफू दु:खित भएको कारण अरूलाई पनि दु:खित बनाउने स्वभाव हो । भन्न के खोजिएको हो भने आज राष्ट्रमा विद्यमान समस्याको मुहान नै विद्यालय शिक्षा हो । यसतर्फ सबैले बेलैमा ध्यान दिनुपर्ने खाँचो छ ।

मानौं तपाईंलाई एउटा केक चाहिएको छ । यसको लागि तपाईं कुनै बेकरीमा जानुहुन्छ । तपाईं केकको स्वाद पछि लिनुहुन्छ, तर त्यहाँ गएर कुन केक हेर्दा राम्रो छ त्यो हेर्नुहुन्छ । सबैभन्दा पहिले केकको बनोटले तपाईंको ध्यान आकर्षित गर्छ । अर्थात् सबभन्दा पहिले हाम्रो आँखाले त्यो केक राम्रो छ वा छैन भन्ने कुरा हेर्छ । हेर्दा राम्रो छ भने तपाईं त्यो केक अवश्य किन्नुहुन्छ । वर्तमानको बदलिंदो परिवेशमा बजारमा बेचिने सामानजस्तै आजका शिक्षकहरूको हुलिया, परिधान, हेयर–स्टाइल, व्यवहार, घडी, उठबस गर्ने तरीका, खाना खाने तरीका, बोल्ने तरीका, सोचविचार गर्ने तरीका हेर्दा आकर्षित गर्ने खालको देखिंदैन । यदि यी कुराहरूलाई शिक्षकले आफ्नो जीवनमा लागू गर्छन् भने उनीहरू विद्यार्थीसँगसँगै अरूका लागि पनि आकर्षणका केन्द्र हुन जान्छन् । विद्यार्थीसँगसँगै अरू पनि तपाईंसँग कुरा गर्न रुचाउँछन्, तपाईंको साथ बस्न खोज्छन्, तपाईंसँग समय व्यतीत गर्न खोज्छन् । आजको शिक्षकको विडम्बना के छ भने उसले लगाउने लुगाको रङ्ग एक अर्कासँग म्याच गरिरहेको हुँदैन । यदि कोही शिक्षक जस्तो देखिंदैन भने विद्यार्थीहरूले पनि उसमाथि कसरी विश्वास गर्ने ? विद्यार्थीहरूले शिक्षकले पढाउने विषयमा पछि ध्यान दिन्छन्, उसमा भएको आत्मविश्वासलाई पछि निर्णय गर्छन् तर सबैभन्दा पहिले शिक्षकलाई हेर्छन् । यी ससाना कुराहरूमा शिक्षक यदि निपुण छन् भने विद्यार्थीहरूले ध्यान दिएर उसको कुरा सुन्छन् । धेरै पछिसम्म त्यस्ता शिक्षकलाई विद्यार्थीहरूले स्मरण गरिरहन्छन् र जहाँ भेटे पनि सम्मान गर्छन् ।

अन्त्यमा एउटा राम्रो शिक्षकलाई कक्षाको पहिलो बेंचदेखि अन्तिम बेंचमा बस्ने विद्यार्थीहरूको नाउँ याद हुनुपर्छ । एउटा असल शिक्षकले किताबले होइन मनले विद्यार्थीहरूलाई पढाउने अभ्यास गर्नुपर्छ । कक्षाको कुनै कुनामा चुपचाप बस्ने विद्यार्थीसँग पनि जवाफ हासिल गर्नु एउटा असल शिक्षकको विशेषता हो । नबोल्ने विद्यार्थीलाई पनि स्टेजमा उभेर बोल्न लगाउनु एउटा असल शिक्षकको पहिचान हो । उदास अनुहार फेला पर्नासाथ उसको उदासीको कारण पत्ता लगाउनु र उसको अनुहार हँसिलो बनाउनु एउटा असल शिक्षकको अभिभावकीय कर्तव्य हो । गल्ती गरेपछि रातो गोलो घेरा नलगाएर त्यसलाई सच्याइदिने असल शिक्षकको सबैभन्दा ठूलो गुण हो । कहिलेकाहीं केटाकेटीहरूसँगै खेल्नु, उसको काँधमा हात राखेर कुरा गर्नु, खाजा खाँदा घरपरिवारको कुरा गर्नु, उसलाई सिर्जनात्मक क्रियाकलाप गर्न लगाउनु आदिले विद्यार्थीहरूलाई त्यस शिक्षकको नजीक ल्याउन सघाउ पुर्‍याउँछ । जब शिक्षक र विद्यार्थीबीच मैत्री सम्बन्ध स्थापित हुन्छ स्वाभाविकरूपमा यसको फाइदा ‘मूल’ भन्दा ‘ब्याज’ लाई नै बढी हुन्छ । पुस्तान्तर यस्तो उर्लंदो बाढी हो जसलाई दूरदर्शिताका साथ नियन्त्रण गरियो भने डुङ्गा किनार लाग्न सक्छ नभए शिक्षक र विद्यार्थीबीच बढ्दो दूरीको कारण सबै सखाप भएको उदाहरण खोज्न टाढा जानुपर्दैन । आँखा भए छरछिमेक वा आफ्नै विद्यालयभित्र पनि त्यो फेला पर्न सक्छ । यस कारण एउटा असल शिक्षकले ध्यानदिनुपर्ने कुरो के हो भने शिक्षा दिनुको अर्थ मात्र किताबी ज्ञान दिनु होइन, विद्यार्थीहरूमा मानवीय गुण पनि विकसित गर्नु हो । यदि यसो गर्न सकियो भने एक दशकमैं समृद्ध नेपालको परिकल्पना साकार हुनेछ ।

# मुद्दा फैसलामा ढिलाइ हुँदा काठ धोत्रिँदै

महोत्तरी, २९ पुस/रासस

लामो समयदेखि वनक्षेत्रमा थाक लगाएर राखिएका बहुमूल्य काठ धोत्रिन थालेका छन् । समयमैं मुद्दा किनारा नलाग्दा जिल्लाका वनक्षेत्रमा राखिएका काठ सड्न र धोत्रिन थालेका हुन् ।

वनक्षेत्रबाट चोरी तथा कटानका क्रममा वन सुरक्षाकर्मीले नियन्त्रणमा लिएका काठ न्यायिक निकायबाट मुद्दा छिनोफानो नहुँदा लिलामी प्रक्रियामा जान नसकिएको डिभिजन वन कार्यालयले जनाएको छ । यसरी वनसम्बन्धी मुद्दा नछिनिंदा एकातिर बहुमूल्य काठ धोत्रिँदै सड्न थालेका छन् भने सर्वसाधारणले काठ खरीद गर्न नपाएको कार्यालयका प्रमुख सन्तोष झाले बताए ।

“हामीले घरायसी काम, बार तथा पर्खाल लगाउन ससाना हाँगाबिंगा किन्न समेत पाएका छैनौं, यहाँ सडेर बसेको छ”–बर्दिवास–२ का भोला महतोले भने –“समयमैं बिक्री, लिलामी गरेमा काठ सदुपयोग हुने थियो । स्थानीयले आवश्यकता अनुसार खरीद गर्न पाउने थिए ।” वनसम्बद्ध मुद्दा हेर्ने न्यायिक निकायको ढिलाइले थाक लगाइएका काठ घामपानीले धोत्रिन थालेको छ ।

चोरी कटान भएका काठ नियन्त्रणमा लिएपछि त्यसको प्रारम्भिक न्यायिक सुनवाइ जिल्लास्थित डिभिजन वन कार्यालय र जिल्ला अदालतमा हुने व्यवस्था छ । चोरी निकासीका क्रममा वा चोरी कटान गरी लुकाइछिपाई राखिएका काठसम्बन्धी मुद्दाको कारबाई अगाडि बढाउँदा रु दुई लाख बिगोभित्रका मुद्दा वन कार्यालयको इजलासले सुनुवाइ गर्ने व्यवस्था छ । रु दुई लाखभन्दा बढीका काठ बरामद भएका सोसम्बन्धी मुद्दा जिल्ला अदालतमा हुने कानूनी व्यवस्था रहेको कार्यालय प्रमुख झाले बताए ।

प्रमुख झाका अनुसार नियन्त्रणमा लिई कारबाई तथा मुद्दा फछ्र्योटका क्रममा रहेका काठ वन कार्यालय अन्तर्गत रहेको सशस्त्र वन सुरक्षा शाखा बर्दिवास–४ माईस्थान कार्यालय र यस क्षेत्रका चारवटा सब डिभिजन वन कार्यालय परिसरमा थाक लगाएर राखिएको छ । मुद्दा किनारा नलागी उक्त काठ बिक्री तथा लिलाम गर्न नपाइने व्यवस्थाका कारण राखिएको ठाउँमा नै धोत्रिँदै गएका वनसम्बद्ध अधिकारीको भनाइ छ ।

मुद्दा किनारा नलागी काठ लिलाम तथा बिक्री गर्न कानूनी प्रक्रिया नपुग्दा काठ सड्न थालेको प्रमुख झाले बताए । उनका अनुसार अहिले करीब चार हजार क्युफिट साखु र अन्य काठका गिड (गिन्डा) लिलामीका लागि अदालती निर्णयको पर्खाइमा छ । लिलामीका लागि अदालती फैसला कुर्नुपरेको भन्दै ती काठको मूल्य एक करोडसम्म पर्ने वन कार्यालयका कर्मचारीको भनाइ छ ।

“चोरी कटानबाट नियन्त्रणमा लिइएका काठ लामो समयदेखि घामपानीले सड्ने र धोत्रिँदै गएका छन्”–झाले भने–“थाकमा रहेका काठको लिलामीका लागि अदालती फैसला कुर्नुपर्ने बाध्यात्मक कानूनी व्यवस्थाका कारण बिक्री गर्न सकिएको छैन ।”

डिभिजन वन कार्यालयमा विसं २०४८ यता हालसम्म २०० भन्दा बढी वन मुद्दा (काठ चोरी निकासीसम्बन्धी) रहेका डिभिजन प्रमुख झाको भनाइ थियो । उनका अनुसार यी मुद्दा २ लाख बिगोभित्रका हुन् । यसबाहेक २ लाखभन्दा बढी बिगोका मुद्दा जिल्ला अदालत महोत्तरीमा विचाराधीन छ ।

अदालतमा मुद्दाको अत्यधिक चापका साथै मुद्दा फैसला प्रक्रियामा पुग्न नसकेका (अभियुक्तमध्ये केही फरार रहेका, साक्षी वकपत्र हुन नसकेका) ले फैसलामा ढिलाइ भएको झाले बताए । उनका अनुसार यसबाहेक पूर्व–पश्चिम रेलमार्ग र विद्युत् प्रसारण लाइन निर्माणका लागि कटान गरिएका काठमध्ये साखु बिक्री भए पनि साझेदारी वन उपभोक्ता समितिको जिम्मेवारीमा रहेका काठ अझै वनमा थाक लगाएर राखिएका छन् ।

पछिल्ला केही दिनयता मात्र जिल्लाका तीन साझेदारी वन उपभोक्ता समितिमा नयाँ नेतृत्व चयन भएको प्रमुख झाको भनाइ थियो । “समितिमा केही दिनअघि मात्रै नयाँ निर्वाचित पदाधिकारीले जिम्मेवारी लिएका छन् । अब केही दिनभित्रै यसको टुङ्गो लाग्छ र डिभिजन कार्यालयले हेर्ने मुद्दाको छिनोफानो गर्ने प्रक्रिया अगाडि बढाउने छौं”–उनले भने ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# औषधि उत्पादन तत्काल थाल्न प्रधानमन्त्रीको निर्देशन

काठमाडौं, २९ पुस/रासस

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले नेपाल औषधि लिमिटेडबाट औषधि उत्पादनका निम्ति भएका प्रयासको सराहना गर्दै २० प्रकारका औषधि उत्पादनको काम तत्काल थाल्न निर्देशन दिएका छन् ।

नेपाल औषधि लिमिटेडका अध्यक्ष यज्ञ न्यौपानेसहितको टोलीलाई आइतवार आफ्नै कार्यकक्षमा बोलाएर प्रधानमन्त्रीले तत्काल उत्पादन थाल्न निर्देशन दिएका हुन् ।

त्यस अवसरमा प्रधानमन्त्रीले विगतमा नेपाल औषधि लिमिटेडले औषधि उत्पादनका क्षेत्रमा राम्रो काम गरेको र पछिल्लो समय त्यसमा अवरोध देखिएको भन्दै नयाँ ढङ्गले काम अगाडि बढाउन निर्देशन दिए ।

प्रधानमन्त्रीले भने, "विगतमा नेपाल औषधि लिमिटेडले औषधि उत्पादनका क्षेत्रमा राम्रो काम गरेको थियो, बीचमा चाहिं तलमाथि भएको मैले बुझें । औषधि उत्पादनको कामलाई नयाँ ढङ्गले गति दिनुपर्छ भनेर नै मैले यो बैठक बोलाएको हुँ । तपाईंहरू काम शुरू गर्नुस्, सरकारको तर्फबाट जेजस्तो सहयोग गर्नुपर्छ, त्यसका निम्ति म तयार छु ।"

प्रधानमन्त्रीले अहिले २० वटा औषधि उत्पादनबाट काम शुरू गरेर भविष्यमा त्यसको गुण र मात्रा दुवै बढाउनुपर्नेमा जोड दिए । उनले भने, "देश आत्मनिर्भर बन्ने आशालाग्दो एउटा क्षेत्र यो पनि हो । सबै कुरा एकैपटक नहोला । तपाईंहरू काम शुरू गर्नुस् । म पनि अर्थ र उद्योग मन्त्रालयसँग थप छलफल गर्छु । यस क्षेत्रमा जनतालाई महसूस हुनेगरी काम गरौं ।"


तस्वीरः रासस

औषधि लिमिटेडका अध्यक्ष न्यौपानेले हाल १० प्रकारका औषधि उत्पादन भइरहेको र तत्काल २० प्रकारका औषधि उत्पादनका लागि आवश्यक गृहकार्य जारी रहेको जानकारी दिएको प्रधानमन्त्रीको निजी सचिवालयले जनाएको छ ।

अध्यक्ष न्यौपानेले औषधि लिमिटेडले भुक्तानी गर्नुपर्ने विगतको दायित्वका कारण काम प्रभावकारी हुन नसकेको बताउँदै केही प्राविधिक जनशक्तिको व्यवस्था, मेशीनहरूको गुणस्तर वृद्धि र केही नयाँ मेशीन खरीद गरी उत्पादनलाई व्यवस्थित तुल्याइने प्रतिबद्धता व्यक्त गरे ।

# बिग्रेका उपकरण मर्मत गरी सञ्चालन गर्दै मन्त्रालय

काठमाडौं, २९ पुस/रासस



तस्वीरः फाइल

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले देशका विभिन्न अस्पतालमा बिग्रिएका औजार र उपकरण मर्मत गरी सञ्चालन गर्न थालेको छ । सोही अनुसार मन्त्रालयले सातवटै प्रदेशमा 'बायोमेडिकल वर्कशप' स्थापना गरेको छ ।

मन्त्रालयका प्रवक्ता डा प्रकाश बुढाथोकीले मन्त्रालयको नीति अनुसार नै नयाँ उपकरण किन्नुभन्दा पनि बिग्रिएका तथा पुराना उपकरणको मर्मत गरी सञ्चालन गर्न थालिएको बताए । "स्वास्थ्यका धेरै उपकरण बिग्रेर सञ्चालन भएका छैनन् । ती उपकरणलाई हामीले मर्मत गरी सञ्चालन गरिरहेका छौं," उनले भने ।

स्वास्थ्य सेवा विभागको व्यवस्थापन महाशाखाले पुराना तथा बिग्रिएका उपकरणको मर्मत गरी सञ्चालन गर्नका लागि 'बायोमेडिकल वर्कशप' स्थापना गरेको छ । महाशाखाका आपूर्ति व्यवस्थापन शाखाका प्रमुख डा सुरेन्द्र चौरसियाले सातवटै प्रदेशमा अहिले पुराना, नचल्ने उपकरण मर्मत गरी सञ्चालन गर्ने कार्य भइरहेको जानकारी दिए । उनका अनुसार मधेस र कोशी प्रदेशबाहेक अन्य प्रदेशमा वर्कशप स्थापना गरिएको छ ।

"पुराना, बिग्रिएका सामान मर्मत गरी सञ्चालन हुन्छन् भनेर पुराना उपकरण मर्मत गरिरहेका छौं," चौरसियाले भने, "यसले गर्दा राज्यको पैसा पनि बचत हुने र पुराना उपकरण मर्मत भई प्रयोगमा ल्याउन सकिन्छ । कम खर्चमा स्वास्थ्य उपकरण प्रयोग गर्न सकेमा अस्पतालहरूमा आवश्यकता अनुसार उपकरण उपलब्ध गराउन पनि सकिन्छ ।" उनका अनुसार वर्कशप प्रदेश सरकारको सहयोगमा स्थापना गरिएको हो ।

बायोमेडिकल इन्जिनीयरिङको समूहले ती बिग्रेका, थन्किएका स्वास्थ्य उपरकणको मर्मत गरी सञ्चालन गर्न मिल्ने बनाउने गरेका छन् । वर्कशपमा सिटी स्क्यान, भिडियो एक्स-रे, एक्स-रे, इको, इसिजीलगायत उपचारात्मक उपकरणको मर्मतसम्भार हुने गरेको छ ।

मधेस प्रदेशमा बजेट विनियोजन भइसकेकोले चालू आर्थिक वर्षमा वर्कशप स्थापना गरिने डा चौरसियाले जानकारी दिए । उनका अनुसार कोशी प्रदेशमा विश्व बैंकसँग वर्कशप स्थापना गर्नका लागि मन्त्रालयले सम्झौता गरेको छ ।

# स्क्रब टाइफसबाट चारजनाको मृत्यु

नारायणगढ, २९ पुस/रासस

चितवन जिल्लाका विभिन्न अस्पतालमा उपचार गर्न ल्याइएका बिरामीमध्ये स्क्रब टाइफसबाट चारजनाको मृत्यु भएको छ । मृत्यु हुनेमा एकजना चितवनका अन्य बाहिरी जिल्लाका रहेका स्वास्थ्य कार्यालयले जनाएको छ ।

कार्यालयका भेक्टर कन्ट्रोल निरीक्षक राम केसीका अनुसार चालू आर्थिक वर्षमा तीन हजार २५४ जनामा गरिएको परीक्षणमा १६३ जनामा उक्त सङ्क्रमण देखिएको थियो । सङ्क्रमितमध्ये चारजनाको मृत्यु भएको हो । ती सङ्क्रमितमध्ये ८८ जना चितवनकै र बाँकी अन्य जिल्लाका थिए ।

गत आर्थिक वर्षमा जिल्लाका विभिन्न अस्पतालमा उपचारका लागि आएका तीन हजार ४८५ जनाको परीक्षणमा ५१९ जनामा उक्त सङ्क्रमण देखिएको थियो । सङ्क्रमित सबै



उपचारपछि घर फर्किएका थिए ।

स्क्रब टाइफस ओरिएन्टा सुसुगामुसी नामको ब्याक्टेरियाबाट हुने सङ्क्रामक रोग हो । साधारणतया यो जीवाणुले मानिसलाई प्रत्यक्ष असर नपारी झाडीमा पाइने किर्ना (माइट्स)लाई सङ्क्रमण गर्छ । सोही सङ्क्रमित किर्ना मुसालगायत अन्य जनावरका शरीरमा बस्छन् । सङ्क्रमित किर्नाले टोकेको मुसा वा जनावर मानिसको सम्पर्कमा आएर शरीरमा टाँसिए वा टोकेमा स्क्रब टाइफस सर्ने गर्छ ।

यो रोग लागेका मानिसमा उच्च ज्वरो आउने, आँखा रातो हुने, खोकी लाग्ने, बान्ता हुने, पेट दुख्ने, पखालाले सताउने, श्वास फेर्न समस्या हुने, टाउको, जोर्नी तथा मांसपेशी दुख्ने, बिमिरा देखिने र टोकेको ठाउँमा कहिलेकाहीं कालो दागजस्ता लक्षण देखिने निरीक्षक केसीले बताए ।

यसैगरी, गत साउनयता जिल्लामा २१ हजार २९८ जनामा गरिएको परीक्षणमा डेङ्गुबाट सङ्क्रमण हुनेको सङ्ख्या एक हजार ६१५ पुगेको छ । जिल्ला बाहिरका एकजनाको सोही रोगका कारण मृत्यु भएको उनले बताए ।

# नेप्से परिसूचक ३१ दशमलव ६२ अङ्कले बढ्यो

काठमाडौं, २९ पुस/रासस

यो साता कारोबारको पहिलो दिन नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचक ३१ दशमलव ६२ अङ्कले बढेर दुई हजार १२० दशमलव ६२ को बिन्दुमा कायम भएको छ ।

आज ३१४ कम्पनीका एक करोड ६६ लाख पाँच हजार २३४ कित्ता शेयर ९४ हजार ५२६ पटक खरीद-बिक्री हुँदा रु पाँच अर्ब ४५ करोड चार लाख २१ हजार ८०६ बराबरको कारोबार भएको छ ।

आज होटल तथा पर्यटन समूहको उपसूचक शून्य दशमलव ०१ र व्यापार समूह शून्य दशमलव ९४ अङ्कले घटेका छन् भने अरू सबै समूहका उपसूचक बढेका छन् । सबैभन्दा धेरै जलविद्युत् समूह चार दशमलव ५८ र अन्य समूह दुई दशमलव ७७ प्रतिशतले बढेका छन् ।

जलविद्युत् समूहका पाँच कम्पनीको शेयर मूल्यमा आज सकारात्मक सर्किट लागेको छ । हिमालयन पावर पार्टनर लिमिटेड, कालिका पावर कम्पनी लिमिटेड, तेऱ्हथुम पावर कम्पनी लिमिटेड, मध्य भोटेकोशी जलविद्युत् कम्पनी लिमिटेड र माथिल्लो मैलुङ खोला जलविद्युत् लिमिटेडको शेयर मूल्य दश प्रतिशतले बढेको हो । सबैभन्दा धेरै गुमाउनेमा भने मेगा म्युचुअल फन्ड-१ को शेयर मूल्य नौ दशमलव ५३ प्रतिशतले घटेको छ ।

कारोबार रकम र कारोबार भएका शेयर सङ्ख्याको आधारमा आज सबैभन्दा धेरै नेपाल रिइन्स्योरेन्स कम्पनी लिमिटेड प्रमोटर शेयर रु ३५ करोड ६८ लाख ३८ हजार ७२० बराबरको १२ लाख ७४ हजार ४२४ कित्ता किनबेच भएका छन् ।

# १२ लाख मूल्य बराबरको काठ बरामद

राजविराज (सप्तरी), २९ पुस/रासस

सप्तरीबाट सशस्त्र प्रहरीले रु १२ लाख बराबरको काठसहित एक पिकअप गाडीलाई आइतवार नियन्त्रणमा लिएको छ । भारदहस्थित कोशी ब्यारेजबाट खटिएको सशस्त्र प्रहरी बल, नेपाल सुरक्षा बेस क्याम्पको प्रहरी टोलीले काठसहित सो गाडी नियन्त्रणमा लिएको हो ।

पश्चिमबाट पूर्वतर्फ गइरहेको प्र २-०१-००१च ०२६० नम्बरको बोलेरो पिकअप गाडीलाई नियन्त्रणमा लिइएको सप्तरीस्थित सशस्त्र प्रहरी बल, नेपाल नं ६ गणका सूचना अधिकृत तथा सशस्त्र प्रहरी नायब उपरीक्षक मोहनराज विष्टले जानकारी दिए ।

विनाबिलबीजक लोड गरिएको २६ दशमलव ६६ क्यूबिक फिट काठ बरामद गरिएको र नियन्त्रणमा लिइएको काठ तथा सवारीसाधनलाई सबडिभिजन वन कार्यालयमा बुझाइएको छ ।

# नारायणगढ-मुग्लिन सडक आज र भोलि दिउँसो खुला रहने

भरतपुर, २९ पुस/रासस

नारायणगढ-मुग्लिन सडकखण्डमा आज र भोलि दिउँसो पनि यातायात सेवा खुला गरिने भएको छ । देवघाटधाममा लाग्ने माघेसङ्क्रान्ति मेलालाई मध्यनजर गर्दै दिउँसो यातायात सेवा यथावत् सञ्चालन गर्ने निर्णय भएको नागढुङ्गा-मुग्लिन सडक आयोजना पश्चिमखण्ड (नारायणगढ-मुग्लिन)का सूचना अधिकारी एवं इन्जिनीयर कृष्ण आचार्यले बताए ।

यही पुस ७ गतेदेखि तीन साताका लागि दिउँसो चार घण्टा सडक बन्द गरेर काम हुँदै आएको थियो । यस सडकखण्डको तुइन खोलामा पुल बनाउन ढिस्को भत्काउने काम नसकिएकोले दिउँसोको समयमा सडक बन्द गरेर काम गरिएको हो । जिल्लाको सुरक्षा समितिको बैठकले थप तीन साता सडक बन्द गरेर काम गर्न अनुमति दिएको थियो ।

गत वर्ष कडा चट्टान फोर्न नसकिएपछि विस्फोट गर्न काम रोकिएको थियो । यस वर्ष ३८ टनको ब्रेकर प्रयोग गरेर भत्काउन शुरू गरिएकोले कामले गति लिएको र अझै ढिस्को फोर्न तीन साता लाग्ने आयोजनाको अनुमान छ । सोही अनुसार जिल्ला सुरक्षा समितिले तीन सातासम्म म्याद थप गरेको थियो ।

आवश्यक परेको ठाउँमा चट्टानलाई चिरा पार्ने रक स्पिलटर र हाइड्रोलिक ज्याक हेम्मर प्रयोग गरेर काम गरिएको छ । गत वर्ष २२ टनको ब्रेकर मात्र प्रयोग गरिएकोले काम गर्न असहज भएको थियो । सो सडकका १९ वटा पुलमध्ये चारवटा पुल चार वर्षअघि निर्माण गरिएको र बाँकी १५ वटा पुलका लागि एकैसाथ ठेक्का लगाइएकामा २०७६ चैत १० गतेदेखि सो पुलको निर्माण थालिएको थियो ।



**तरुल र सख्खरखण्डको व्यापारः** बुटवल उपमहानगरपालिका-६ स्थित ट्राफिकचोकको सडकछेउमा माघे सङ्क्रान्तिलाई लक्षित गरी आइतवार बिक्रीका लागि राखिएका तरुल, सख्खरखण्ड खरीद गर्दै सर्वसाधारण । तस्वीरः रासस

# माघ २ गतेदेखि निर्वाचन आचारसंहित लागू हुँदै

काठमाडौं, २९ पुस/रासस

निर्वाचन आयोगले आगामी माघ ११ गते हुने राष्ट्रियसभा सदस्यको निर्वाचनका लागि माघ २ गतेदेखि निर्वाचन आचारसंहिता लागू गर्ने भएको छ । निर्वाचन आयोग ऐन, २०७३ को दफा २२ तथा निर्वाचन आचारसंहिता, २०७९ को दफा १ को अनुसार आयोगबाट माघ २ देखि माघ १२ गतेसम्म सम्बन्धित सबै व्यक्ति, निकाय तथा अधिकारीलाई लागू हुनेगरी आचारसंहिता जारी गर्ने निर्णय आइतवार आयोगले गरेको हो । सङ्घीय संसद्को माथिल्लो सदन राष्ट्रियसभा सदस्यको आगामी फागुन २० गते रिक्त हुने १९ पदका लागि निर्वाचन हुँदैछ ।

आयोगका प्रवक्ता शालिग्राम शर्मा पौड्यालले विज्ञप्ति जारी गरी उक्त अवधिमा कुनै सार्वजनिक स्रोतसाधन र सम्पत्ति कुनै दल वा उम्मेदवारको पक्ष वा विपक्षमा हुनेगरी प्रयोग गर्न वा गराउन, निर्वाचनसँग सम्बन्धित सामग्री वा सूचनालाई बिगार्न वा कुनै किसिमले थपघट गर्न वा गराउन नहुने, कुनै सरकारी वा अर्धसरकारी निकाय वा सार्वजनिक संस्था वा विश्वविद्यालय वा विद्यालय वा महाविद्यालयको क्षेत्र प्रयोग गरी निर्वाचनसम्बन्धी भेला वा प्रचारप्रसार गर्न वा गराउन नहुने जनाएका छन् । यस्तै, राजनीतिक दल वा उम्मेदवारको निर्वाचन चिह्न अङ्कित कुनै सामग्री उत्पादन गर्न, प्रयोग गर्न, बिक्री वितरण गर्न वा प्रदर्शन गर्न वा गराउन नहुने कानूनी व्यवस्था छ ।

साथै ज्येष्ठ नागरिक, महिला, यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदाय र अपाङ्गता भएका व्यक्तिको भावनामा आँच आउने वा चरित्र हत्या हुनेगरी निर्वाचन प्रचारप्रसार गर्न वा गराउन




तथा बालबालिकालाई निर्वाचन प्रचारप्रसारमा प्रयोग गर्न वा गराउन मिल्दैन । आचारसंहिता अनुसार प्रचलित कानून बमोजिम निषेध गरिएको समय र स्थानमा अवरोध हुनेगरी कुनै किसिमको जुलूस, आमसभा, कोणसभा, बैठक, भेला गरी निर्वाचन प्रचारप्रसार गर्न वा गराउन नहुने, सामाजिक सञ्जालमा गलत, भ्रामक वा द्वेषपूर्ण सूचना प्रवाह गर्न वा गराउन, निर्वाचनलाई प्रभाव पार्ने उद्देश्यले होच्याउने, दुष्प्रचार गर्ने, भ्रामक सूचना सम्प्रेषण गर्ने, अपमान गर्ने, द्वेषपूर्ण भाषण (हेट स्पिच) गर्ने जस्ता भ्रामक टीकाटिप्पणी गर्न वा गराउन नहुने व्यवस्था छ ।

निर्वाचनलाई प्रतिकूल प्रभाव पार्ने वा अवरोध गर्नेगरी विचार राख्न, प्रचारप्रसार गर्न, कुनै विद्युतीय सामग्री उत्पादन गर्न तथा सामाजिक सञ्जालमा प्रकाशन गर्न वा अरूले प्रकाशन गरेका सामग्री साझा गर्न नहुने, कुनै पनि किसिमबाट मतदाताको गोप्यता भङ्ग गर्ने कार्य गर्न नहुने, मतदाता र मतदानमा खटिएका कुनै पनि कर्मचारीसँग वादविवाद गर्न वा उनीहरूलाई हतोत्साहित गर्ने कुनै पनि कार्य गर्न नहुने, कुनै प्रकारले निर्वाचनको स्वच्छता वा निष्पक्षतालाई प्रभावित गर्नेगरी कुनै कार्य गर्न नहुने व्यवस्था छ ।

यसैगरी, निर्वाचन प्रचारप्रसारमा संलग्न हुने सरकार वा प्रदेश सरकारको मन्त्री वा स्थानीय कार्यपालिकाका पदाधिकारीले आयोगको अनुमति लिई निर्वाचन प्रचारप्रसारमा संलग्न हुँदा सरकारी स्रोत र साधनको प्रयोग गर्न नहुने तथा मतदान हुने दिनको अघिल्लो ४८ घण्टादेखि मतदानको दिन मतदान केन्द्र बन्द नहुन्जेलसम्म कुनै पनि प्रकारका अन्तर्क्रिया, सम्मेलन, कार्यशाला, गोष्ठी वा निर्वाचनसँग सम्बन्धित छलफल वा सामूहिक मस्तिष्क मन्थन आदि गर्न नहुनेसमेत व्यवस्था छ ।

# पृथ्वीनारायण शाह

केही समय अघिसम्म नेपाल एकीकरणका हिरो पृथ्वीनारायण शाहलाई खलनायकी आँखाले हेर्ने गणतन्त्रवादीहरूको व्यवहारमा परिवर्तन देखिन थालेको छ र यसको श्रेय राजावादीहरूलाई जान्छ होला । २४० वर्षसम्म खस शासकहरूले नेपाललाई बन्धक बनाए भन्दै आँखा, नाक, मुख खुम्च्याउने सानो समूहसमेत अहिले रनभुल्लमा परेको छ। स्व राजा महेन्द्रको कारनामा सम्झिएर पुस महीनालाई कालरात्रि ठान्दै झस्किएर सतर्क बस्ने राजनीतिक दलहरू नेपालमा अझै सक्रिय छन् । आजभन्दा ६३ वर्ष अघि २०१७ साल पुस १ गते राजाले कडा कदम चालेका थिए ।

पृथ्वीनारायण विस्तारवादी थिए, तनाशाह थिए, विपक्षीको नाक–कान काटिदिन्थे । अदबमा नबस्नेहरूलाई तरबारले छप्काइदिन्थे भन्नेहरू अचेल उनलाई बहादुर, वीरताको प्रतीक, ग्रेटर नेपालको सूत्रधार, अङ्ग्रेजलाई पराजित गर्ने पराक्रमी राजा भन्दै नानाथरीका पूजनीय गाथा गाउन थालेका छन् । गणतन्त्रवादीहरूको यस्तो परिवर्तनलाई हामीले 'देर आयद दुरूस्त आयद' अथवा घैंटोमा घाम लाग्न थालेको अनुभव गर्न थालेका छौं । अचेल पृथ्वीजयन्ती तथा राष्ट्रिय एकता दिवस भन्दै सरकारी बिदा दिन थालिएको तथा पृथ्वीजयन्तीका दिन अछुत मानिने राप्रपाजस्तो राजावादी दलहरूको चियापान कार्यक्रममा प्रचण्ड, देउवा, ओलीहरूको सवारी चल्न थालेको, भलाकुसारी हुन थालेको देख्दा मलाई 'लौट के बुद्धु घरको आए' जस्तै भान हुन थालेको छ । दानवत्वबाट देवत्वमा परिवर्तन भएका पृथ्वीनारायणलाई मेरो पनि कोटी–कोटी नमस्कार छ। यसपाली पृथ्वीजयन्तीलाई गुलजार बनाउने सरकारी नीतिको सराहना गर्नैपर्छ। छेकेर छेकिन्नन् हिमालयका टाकुराहरू भनेकै यही हो। यो ३०२औं पृथ्वी जयन्ती हो।

पृथ्वीनारायण शाहजस्ता ऐतिहासिक राजाको देहावसान विसं १८३१ मा भएको थियो । तर ऐतिहासिक दस्तावेजहरूमा उनका मृत्युबारे फरक–फरक कारण देखाइएका छन्। नुवाकोट शिकार खेल्न गएका बखत एकाएक सिकिस्त बिरामी परे, परलोक भए । कसैले भन्छन् जीउभरि फोका आयो, ज्वरो आएर थला परे। अर्कोथरी भन्छन्– शिकारमा भीमकाय बाघले आक्रमण गरेर उनको इहलीला समाप्त भयो। त्यस्तै भारतका एक इतिहासवेत्ताको 'कहानी नेपालका'मा 'शेर की आक्रमण से घायल और मृत्यु' भनेर उल्लेख छ। कतिपयले प्रख्यात र पराक्रमी राजाको रहस्यमय मृत्यु पनि भन्छन्। जे होस् मृत्युका बखत उनी ५१ वर्षका थिए । त्यसैले उनको मृत्युको खबर सुनेर गोर्खाका उनका प्रजाहरूले असल र कुशल मान्छेलाई भगवानले चाँडै डाक्छन् भन्थे रे !

पृथ्वीनारायण शाहले सधैं किन चोर औंला ठाडो पार्थे भन्ने कारण अझै पत्ता लागेको छैन । त्यस्तै पृथ्वीनारायण शाहको वर्तमान सबै तस्वीरहरू कल्पनामा कोरिएका हुन् रे। यो सत्य हो कि उनी जुँगाका शौखिन थिए र जुँगा पाल्थे उनले जीवित हुँदा आफ्नो आदमकद मूर्ति बनाएर ठड्याएका थिए र त्यति बेलाको शिल्पकारले उनको हुबहु चित्र उतार गरेको थियो। त्यही एकमात्र मूर्ति उनको अनुहारसँग मेल खान्छ रे । शायद त्यो उनको विशाल मूर्ति अझै पनि गोर्खा अथवा नुवाकोटतिर रहेको अनुमान गरिन्छ। सुन्नेलाई सुनको माला भन्नेलाई फूलको माला यो कथा बैकुण्ठ जाला ।

**मन्तव्य**



**कुमारबन्धु रूपाखेती**

**लिटिल बुद्ध भनिने रामबहादुर बमजन अचेल चर्चामा छन् । प्रहरीले पाँच वर्षे प्रयासपछि उनलाई पक्राउ गरेको छ । भारतका कुख्यात सन्त, महन्त आशाराम बापू, रामरहिम आदिका पदचिह्नमा हिंडेका बमजन पनि आश्रम खोल्ने, लुटखसोट गर्ने र विभिन्न खाले अपराध कर्ममा लिप्त भएको कुरा प्रहरीले बताउँछ ।**

**साधु कि सवादु**

लिटिल बुद्ध भनिने हलखोरिया बाराका रामबहादुर बमजन अचेल चर्चामा छन्। प्रहरीले करीब पाँच वर्षे प्रयासपछि उनलाई पक्राउ गरेको छ। भारतका कुख्यात सन्त, महन्थ आशाराम बापू, रामरहिम आदिका पदचिह्नमा हिंडेका बमजन पनि आश्रम खोल्ने, लुटखसोट गर्ने र विभिन्न खाले अपराध कर्ममा लिप्त भएको कुरा प्रहरीले बताउँछ । लाखौं अन्धभक्त बनाएका भारतका आशाराम बापू र रामरहिमहरू पर्दापछाडि धर्मको नाममा लुकीछिपी गर्ने दुष्कार्यमा संलिप्त भएको आशङ्कामा आश्रमबाट सोझै जेलको हावा खान पुगे । हाम्रा बमजनले त सानै उमेरमा पापको वैतरणीमा छलाङ लगाएको देखिन्छ । १६ वर्षको उमेरमा घर छाडेर गौतम बुद्ध स्टाइलमा वनमा शान्तिको खोजमा तपस्या गर्न हिंडेका यी तपस्वीलाई हेर्न एकताका मान्छेहरू जङ्गल जङ्गल चहार्थे ।

त्यतिखेर बिबिसी, नेशनल जियोग्राफीजस्ता च्यानलहरूका लागि यिनी हटकेक साबित भएका थिए। कसैले इनमा लिटिल बुद्ध देखे। कसैले सच्चा सन्न्यासी र तपस्वीको तक्मा भिराइदिए । जियोग्राफी च्यानलले त उनको जीवनमा आधारित ब्वायबुद्ध भन्ने डकुमेन्ट्री नै बनाएर दुनियाँसामु प्रस्तुत गऱ्यो । तर अहिले 'खोदा पहाड निकला चुहा' भनेझैं यी साधु होइन सवादु प्रमाणित भइरहेको देखिन्छ र नेपालका प्रख्यात स्वामी विकासानन्दले त शुरूआतमा बमजनले सच्चा तपस्वी बन्न खोजेको तपस्वीको नामले देश दुनियाँमा नेपालको पहिचान गराएको तर सरकारले त्यसबाट फाइदा लिन चुकेको र अन्त्यमा संसारभर आफ्नो नाम चुलिंदै गएपछि बमजनको मन बहकिएको नकारात्मक सोच बढ्दै गएको र अन्त्यमा पापको दुनियाँमा कदम बढाएको बताउँछन्। सरकार चुकेकै हो शुरूआतमा बमजनको ख्याति भजाउन र संरक्षण गर्न नसकेको गलत तत्त्वले बमजनको अनुचित प्रयोग गरेको र अहिले उनी यो हविगतमा पुगेको स्विकार्छन् । विकासानन्द गढीमाई बलि रोक्न सक्रिय हुन्छु भन्ने बमजनमा अहिले मान्छे बलि दिएको (हत्या गरेको) जघन्य अपराध गरेकोसमेत आरोप छ । तपस्वीबाट सुकुलगुन्डा बनेका यी छोटे बुद्धको वर्तमान जीवनशैली कुनै धनाढ्यभन्दा कम देखिंदैन। यिनको आश्रमहरूमा आनीहरू हराएको, पचासौं बिघामा फैलिएको विशाल आश्रमहरूको सङ्ख्या करीब आधा दर्जन रहेको, यौन शोषण गरेका जस्ता गन्दा धन्दाहरूको पर्दाफाश हुने क्रम जारी छ। भनिन्छ तिलिस्मी कुरा गरेर जाँच अधिकारीहरूलाई अचम्भित पार्ने खेल पनि यी लिटिल बुद्धबाट लिटिल गुन्डामा परिणत भएका बमजनलाई थाहा छ रे। गुमराह कुरा गर्न यिनलाई महारत प्राप्त छ रे। नेपाल हो, यहाँ कुरा बिग्रिन र कुरा सप्रिन टाइम लाग्दैन। एनसेलझैं बिजुली महसूल नतिर्ने व्यापारीहरूको जीत भएको छ । बिजुलीमा पनि एनसेलझैं 'महादेवको तीन नेत्र खुलेको' चर्चा छ। अर्थात् पैसा देखेपछि महादेवको सबै नेत्र खुलेझैं 'पैसा फेको तमाशा देखो' सफल भयो रे । त्यसैगरी बमजनलाई पनि लिटिल बुद्ध नै साबित गरिदिए, कसको बाउको के जान्छ र ? खातका खात, रासका रास पैसा त बमजनको घरमा पनि त छ नि ? भगवानलाई हतकडी भन्ने पनि त छ नि ? दिनभर भैया, रातभर सैंया गर्ने महन्थहरू थुप्रै छन् ।

**विवादमा अयोध्याको राम मन्दिर**

कुनै बेला नेपालका ओलीले भारतका मोदीलाई ४४० भोल्टको झट्का दिंदै राम नेपालको ठोडीतिरको भन्दै ताल ठोकेका थिए । अचेल अयोध्याको राम मन्दिरको चर्चा मोदीहरूले चारैतिर देश–विदेशमा गराएको देखिन्छ । भाजपायी चुनावी अस्त्रको रूपमा बहुप्रचारित यो मन्दिरको पहिलो गाँसमैं ढुङ्गा परेको छ। सम्पूर्ण निर्माण समाप्त नभई कुनै पनि मन्दिरमा भगवान्को प्राण प्रतिष्ठाको कार्य गर्नु हिन्दू सनातनी धर्मले मिल्दैन र यस्तो धर्मविपरीत उद्घाटन कार्यक्रममा हिन्दू गुरु भएकाले म उपस्थित हुनु भनेको हिन्दू धर्मको अपमानसरह भएकोले यो अपूरो अधूरो कार्यक्रममा म उपस्थित हुन्न भनेर शङ्कराचार्यले घोषणा गरेपछि धर्मलाई बन्धक बनाएर चुनावमा होमिने भाजपायी धूपौरेहरूको ओठ–मुख सुकेको छ । शङ्कराचार्यको निर्णयमा चार चाँद लगाउँदै सुनमा सुगन्ध थप्दै भाजपाविरोधी दर्जनौं राजनैतिक दलहरूसमेत पूर्ण निर्माण कार्य सम्पन्न नभएको, अधूरो निर्माण र निर्माणाधीन राम मन्दिरको उद्घाटनमा सरिक नहुने घोषणा गरेपछि 'राम नाम जपना, पराया माल अपना' ठान्नेहरू वाल्लजिल्ल परेका छन् । 'देखो ओ दिवानों, ऐसा काम ना करो, रामका नाम बदनाम ना करो' भन्ने गीत विपक्षी दलहरूले चुनावी अभियानमा जोरशोरले बजाउने भएका छन् । विवादले राममन्दिरको प्रसिद्धिमा दाग मात्र लगाएको छैन, अर्द्धनिर्मित राम मन्दिरबारे भारतीय राजनीति र हिन्दू धर्मावलम्बीहरू दुई कित्तामा बाँडिएका छन्। 'अपना काम बनता, भाँड में जाए जनता' भाजपाको मूलमन्त्र यसपटक बेअसर साबित भएको देखिन्छ । वास्तवमा अयोध्याको राममन्दिरमा अहिले भाजपाले धार्मिकको सट्टा राजनैतिक कार्य धडल्लेले गरिरहेको सत्य नै हो । अर्द्धनिर्मित मन्दिरमा र मन्दिर परिसरमा साधुबाबा, सन्त, महन्थको सट्टा दिल्ली दरबारका अरौटेभरौटेहरूको जमघट बाक्लो देखिन्छ । त्यहाँ धर्मका दूतभन्दा दिल्लीका दूतहरू हर्ताकर्ता बनेका छन् । 'खोपीका देवता बनाइएका' थुप्रै सन्त, महन्तलाई यो चलखेल मन परेको छैन। स्मरणीय छ भारत एउटा यस्तो अचम्मको मुलुक हो जहाँ साधु, साध्वीहरूले समेत बेझिझक राजनीति गर्छन् । त्यसैको फलस्वरूप राममन्दिर पूर्ण हुनु अघि नै त्यहाँको राजनीतिले धूमिल बनाउने सम्भावनालाई नकार्न सकिंदैन। भारत एउटा यस्तो अचम्मको देश हो जहाँ रावणलाई पनि पुजिन्छ । गोड्सेलाई त भाजपाले आदर्श मान्छ । गोड्से राष्ट्रपिता गाँधीका हत्यारा हुन् । त्यसो त नेपालबाट समेत सीताको माइतीपक्ष भन्दै लाखौंको सन्देश कोसेली अयोध्या पठाइएको छ । बहती गङ्गामा सबैले हात धुन खोज्छन्। जानकी मन्दिर जनकपुरधामले मधेस प्रदेशका मुख्यमन्त्री सरोज यादवसँग अयोध्या सनेश पठाउन भन्दै रु ५० लाख मागेको थियो र विभिन्न सरकारी अप्ठ्यारा र अड्चन भन्दै मुख्यमन्त्रीले रकम दिन सकेनन् । हाम्रै वीरगंजमा पनि विद्युत् प्राधिकरणको आदेशविना जथाभावी हुकिङ गर्दै सडकभरि थुप्रै बिजुली बत्ती जडान गर्ने, बाल्ने र अयोध्याको राममन्दिर उद्घाटनका दिन वीरगंजलाई दुलहीझैं सिंगार्ने होड चलेको छ । धर्मभिरुता र आस्था दुई अलग–अलग चीज हुन् । अहिलेको आधुनिक युगमा पुष्पक विमान, वायुपङ्खी घोडा, रावणको दश शिर छेदन, बाली–सुग्रीमको झगडा, हनुमानको लक्ष्मणबुटी, खोलामा पानीमा नडुब्ने पत्थर आदिको वास्तविकता त्यो जमानामा जे होला तर अचेल यस्ता कथा कहानीहरू केटाकेटीहरू चटकारा लिएर सुन्छन् । त्यही भारतमा एकताका जय सन्तोषी माँ भन्ने सिनेमाले तहलका मचाएको थियो अनि महाभारत र रामायणजस्ता सिरियलले बूढाबूढीहरूको निंद हराम गरेकै थियो ।

जय सीताराम, जय श्रीराम !



**देवघाटधाममा नदी वारपार गर्न तयारी अवस्थामा राखिएका डुङ्गा:** माघ १ गते मकर सङ्क्रान्तिमा गङ्गा स्नानका लागि प्रसिद्ध धार्मिकस्थल देवघाटधाममा आउने भक्तजनलाई नदी वारपार गर्न तयारी अवस्थामा राखिएका डुङ्गाहरू । गङ्गा स्नानका लागि आइतवारदेखि भक्तजन आउन थालेका छन् । तस्वीरः रासस

## फरक समाचार

# चीसोमा मूत्र सङ्क्रमणबाट बच्ने उपाय

जाडो मौसममा हामी आफ्नो स्वास्थ्यको हेरचाह गर्न बिर्सन्छौं । यतिबेला हामीले आफ्नो मूत्रतन्त्रलाई स्वस्थ राख्नुपर्छ । जब चीसो बढ्छ तब हाम्रो शरीरमा सङ्क्रमणको खतरा पनि बढ्न थाल्छ। भारत, मुम्बईका डा प्रकाशचन्द्र सेठ्ठी भन्छन्– यदि हामी ध्यान दिन्छौं र केही सजिलो बदलाव गर्छौं भने मूत्रतन्त्रलाई राम्रो स्थितिमा राख्न सक्छौं र जाडोमा बचाउन सक्छौं।



**हाइड्रेट रहने:** चीसोको मौसममा हामी पानी कम सेवन गर्छौं । मूत्रतन्त्रबाट ब्याक्टेरियालाई बाहिर निकाल्नको लागि उचित जल संयोजन बनाइराख्नुपर्छ । एक दिनमा कमसेकम आठ गिलास पानी पिउने लक्ष्य राखौं र आरामदायक रहनको लागि तातो हर्बल चिया पिउने विचार गरौं ।

**पिसाब च्यापेर नबसौं:** जब तपाईंलाई पिसाब फेर्न मन लाग्छ तुरुन्त गरौं । पिसाब रोकेर राख्नाले मूत्राशयमा ब्याक्टेरिया हुर्कन थाल्छ। मूत्रपथ सङ्क्रमण (युटिआई) को खतरा बढ्छ । आफ्नो शरीरको कुरा सुन्ने बानी बसालौं र आवश्यक पर्दा अवश्य बाथरूम जाऔं ।

**आरामदायक अन्डरवियर लगाऔं:** शुष्क र स्वस्थ जननाङ्ग क्षेत्र बनाइराख्नको लागि सुतीको अन्डरवियर उत्कृष्ट विकल्प हुन सक्छ। नम वातावरण ब्याक्टेरियाको लागि एउटा आदर्श प्रजनन भूमि हो यसकारण हावा छिर्न सक्ने कपडाको चयन गर्दा सङ्क्रमणलाई रोक्न मदत पुग्छ ।

**व्यक्तिगत सरसफाइ राखौं:** व्यक्तिगत स्वच्छता स्वास्थ्यको आधारशिला हो। विशेषगरी चीसो मौसममा नियमित स्नान गर्दा शरीर सफा रहन्छ र शौचालयको उपयोग गरेपछि राम्रो कपडाले गोप्य अङ्ग पुछ्नुपर्छ र यसबाट ब्याक्टेरिया फैलिनबाट रोक्न सकिन्छ। यस सरल बानीलाई ध्यान दिंदा सङ्क्रमणको खतरा निकै कम गर्न सकिन्छ ।

**न्यानो कपडा लगाऔं:** चीसो क्षेत्रमा विशेषगरी न्यानो कपडा लगाउनुपर्छ। यसले शरीरलाई आरामदायक मात्र राख्दैन, शरीरको तापमानलाई पनि स्थिर बनाइराख्न मदत गर्छ । साथै यसले सङ्क्रमणबाट बचाउनको लागि तपाईंको प्रतिरक्षा प्रणालीलाई समर्थन पनि गर्छ।

**भिटामिनको स्तर निगरानी गरौं:** चीसो मौसममा सूर्यको प्रकाशसँग हाम्रो कमै सम्पर्क हुन्छ जसबाट सम्भावित भिटामिन डीको कमी हुन सक्छ। भिटामिन डीले हाम्रो प्रतिरक्षा प्रणालीलाई समर्थन दिन महत्त्वपूर्ण भूमिका निर्वाह गर्दछ । आफ्नो स्वास्थ्य सेवा प्रदातासँग परामर्श गरेपछि भिटामिन डीले भरिपूर्ण खाद्यपदार्थ जस्तै वसायुक्त माछा, फोर्टीफाइड डेरी उत्पादन वा भिटामिन डीले भरिपूर्ण खानेकुरा खाऔं । पर्याप्त भिटामिनको स्तरले मूत्र स्वास्थ्यसहित समग्र स्वास्थ्यमा योगदान दिन्छ ।

**न्यानो कपडाको तह:** चीसोको दिनमा कपडाले तपाईंलाई गर्म मात्र राख्दैन, शरीरको तापमान स्थिर राख्न पनि मदत गर्छ । अचानक चीसोको सम्पर्कमा आउँदा शरीरको प्रतिरक्षा प्रणालीमाथि दबाब पर्न सक्छ। जसबाट सङ्क्रमण हुन सक्छ। न्यानो कपडा शरीरको प्राकृतिक सुरक्षामा अतिरिक्त सहायता प्रदान गर्छ ।

**सन्तुलित आहार:** सम्पूर्ण स्वास्थ्यको प्रतिरक्षाको लागि सन्तुलित आहार महत्त्वपूर्ण हुन्छ । खानामा विभिन्न प्रकारको फल, तरकारी, सिङ्गो अन्न र प्रोटिन सामेल गरौं। यी पोषक तत्त्वले भरिपूर्ण खाद्य पदार्थले प्रतिरक्षा प्रणालीलाई समर्थन गरी आवश्यक भिटामिन र खनिज प्रदान गर्दछ ।

# मरीचले कसरी उच्च रक्तचापलाई नियन्त्रण गर्छ

भारतमा प्राचीनकालदेखि नै मसलाको उपयोग औषधिको वैकल्पिक प्रयोगको रूपमा गरिंदै आइरहेको छ। मसलाको प्रयोगबाट थुप्रै रोग निको गर्न सकिन्छ। शोध अनुसार मरीचमा यस्ता तत्त्व पाइन्छन्, जसले एन्टिअक्सिडेन्टसरह काम गर्छ । यसले शरीरका कोशिकाको रक्षा गर्नुका साथै रक्तवाहिकालाई फैलाउन पनि मदत गर्छ । जसबाट उच्च रक्तचाप नियन्त्रण हुन्छ ।



मरीचमा खनिज पदार्थ जस्तै पोटाशियम, क्यालिशयम, फलाम, म्याग्नेशियमबाहेक भिटामिन ए, ई, सी पनि पाइन्छ । मरीचमा एन्टिअक्सिडेन्ट पाइने हुनाले यसले हाम्रो कोशिकाको रक्षा गर्छ। यसै गुणको कारण मरीचले थुप्रै रोगबाट हामीलाई बचाउन मदत गर्छ। प्रतिरक्षा प्रणालीलाई पनि मजबूत बनाउनुका साथै घाँटीको खसखसबाट पनि राहत दिलाउँछ।

उच्च रक्तचाप एउटा सामान्य समस्या हो, जुन खराब जीवनशैली र खानपानको कारण हुन्छ। मरीच रक्तचाप नियन्त्रित गर्ने एउटा सुरक्षित र प्राकृतिक तरीका हुन सक्छ । मरीचमा पिपेरिन नामक रसायन हुन्छ, जसले धमनीलाई आराम दिन्छ र रक्तप्रवाहलाई उचित बनाइराख्न मदत गर्छ। यसमा पाइने पोटाशियमले रक्तचापलाई कम गर्छ र सोडियम सन्तुलित बनाइराख्छ। यदि तपाईं मरीचको प्रतिदिन प्रयोग गर्नुहुन्छ भने केही दिनमैं यसको असर देखिन थाल्छ।

बिहान उठ्ने बित्तिकै खाली पेट एक गिलास तातो पानीमा कमसेकम दुई तीनवटा गेंडा कालो मरीचको धूलो मिलाएर सेवन गर्नुहोस् । यस मिश्रणलाई प्रतिदिन खाली पेट सेवन गर्नाले उच्च रक्तचाप नियन्त्रित रहन्छ ।

– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

## अन्तर्राष्ट्रिय समाचार

# इक्वेडरको जेलमा बन्धक बनाइएका ४१ जना रिहा

ग्वायाक्विल, इक्वेडर, २९ पुस/एएफपी

इक्वेडरका कैदीहरूले बन्धक बनाएका ४० भन्दा बढी जेल अधिकारीहरूलाई मुक्त गरिएको जेल प्रशासनले शनिवार जनाएको छ।



कैदीहरूको बन्धनबाट मुक्त भएपछि भुइँमा लम्पसार परेका मानिस। फोटो : रायटर

कैदीहरूले बन्धक बनाएका २४ गार्ड र १७ प्रशासनिक कर्मचारीलाई 'रिहा गरिएको कारागार प्रशासनले जनाएको छ। प्रशासनले यसबारे थप विस्तृत विवरण भने उपलब्ध गराएको छैन। बन्धक बनाइएका १३३ गार्ड र तीन कर्मचारी अझै रिहा हुन सकेका छैनन्।

राष्ट्रपति डेनियल नोबोआले यसै हप्ता आपराधिक समूहहरूलाई सैन्य कारबाई शुरू गरेपछि दक्षिण अमेरिकी राष्ट्रमा नार्को गिरोहसँग घातक मुठभेड शुरू भएपछि ती कामदारहरूलाई बन्धक बनाइएको थियो।

यो सङ्कट देशको सबैभन्दा शक्तिशाली ड्रग कारोबार गर्ने समूहका एक नाइके फिटो भनिने जोस एडोल्फो म्यासियासको ग्वायाक्विल जेलबाट भागेपछि उत्पन्न भएको थियो।

फिटो भागेपछि जेलमा दङ्गा, बन्धक बनाउने र प्रहरीमाथि आक्रमणहरू भएका थिए।

भागेका कैदीलाई खोज्न र बन्धकलाई रिहा गर्न स्थल, हवाई र समुद्री गश्तीका लागि २२ हजारभन्दा बढी सैनिक तैनाथ गरिएको छ। अधिकारीहरूले शहरका मुख्या भागमा कर्फ्यु लगाई जेलहरूमा छापा मारेका छन्।

पेरूसँगको सीमा नजीक एल ओरोमा शनिवार कैदीहरूसँग भएको झडपमा मारिएका एक गार्डसहित कम्तीमा १९ जनाको हिंसामा मृत्यु भएको अधिकारीहरूले बताएका छन्।

दक्षिणपश्चिमी माचला कारागारमा 'सशस्त्र भिडन्त' भएपछि सेना र प्रहरीले 'सुव्यवस्था र सामान्य स्थिति बहाली' का लागि छवटा शहरका हिरासत केन्द्रमा छापा मारेको थियो।

ग्वायाकिल कारागार परिसरबाट शुक्रवार साँझ कम्तीमा पाँचजना कैदी भागेका थिए र तीमध्ये दुईजनालाई खोजी अभियानका क्रममा पक्राउ गरिएको प्रहरी स्रोतले जनाएको छ।

उनीहरू भागेलगत्तै शहरको उत्तरी बाहिरी इलाकामा रहेको विशाल कारागारको वरपर दुईवटा हेलिकप्टर र ड्रोन उडिरहेको देखिएको थियो।

इक्वेडरका कुख्यात अपराधीहरूलाई राखिएको कारागारको वरिपरि सैनिकहरूको सहयोगमा दर्जनौं प्रहरी अधिकारीहरू गश्ती गरिरहेका छन्।

कुनै समय प्रमुख कोकिन उत्पादकहरूबीच अवस्थित शान्तिको किल्ला, इक्वेडर संयुक्त राज्य अमेरिका र युरोपमा लागू औषध ढुवानी गर्न यसको बन्दरगाह प्रयोग गर्ने अन्तर्राष्ट्रिय कार्टेलहरूको वर्षौंको बढ्दो नियन्त्रणपछि सङ्कटमा फसेको छ।

करीब १७० लाख जनसङ्ख्या रहेको यस देशमा आपराधिक गिरोहका २० हजारभन्दा बढी सदस्य रहेको अनुमान छ।

पछिल्लो आधिकारिक रिपोर्ट अनुसार ८५९ जना शङ्कास्पद व्यक्तिलाई पक्राउ गरिएको छ, २५ जना फरार कैदीलाई पक्राउ गरिएको छ, पाँचजना 'आतङ्ककारी' मारिएका छन् र ५७ जना अपहृत व्यक्तिहरूलाई रिहा गरिएको छ।

माचला कारागारमा कैद गरिएको र प्रहरीले पुष्टि गरेको एउटा डरलाग्दो भिडियोमा कैदीहरूको नियन्त्रणमा रहेको कारागारभित्रबाट प्लास्टिकमा बेरेर सडकमा फ्याँकिएको कैदीको शव देखिन्छ। पछिल्ला दिनमा पक्राउ परेका संदिग्ध गिरोहका सदस्यहरूको उपहास गरिएको, गीत गाउन बाध्य पारिएको, आपसमा कुटपिट गरेको वा सैनिकहरूले दुर्व्यवहार गरेको अन्य तस्बिरहरू सार्वजनिक भएका छन्। रासस

# अमेरिकी जलवायुदूत केरी पदबाट राजीनामा दिने तयारीमा

वाशिङ्टन, २९ पुस/एएनआई

बाइडेन प्रशासन अन्तर्गत अमेरिकी जलवायु कूटनीतिको नेतृत्व सम्हालेका अमेरिकी जलवायुदूत जोन केरीले आगामी वसन्त ऋतुमा आफ्नो पदबाट राजीनामा दिने तयारी गरेको केरीनिकट स्रोतलाई उद्धृत गर्दै सिएनएनले शनिवार जनाएको छ।

पूर्वविदेशमन्त्री तथा राष्ट्रपतिका लागि डेमोक्र्याटिक पार्टीका तर्फबाट उम्मेदवार बनेका ८० वर्षीय केरीले तीन वटा अन्तर्राष्ट्रिय जलवायु शिखर सम्मेलनमा अमेरिकी वार्ताको नेतृत्व गरेका थिए।

एक्जिओसले केरीले राजीनामा दिने तयारी गरेको र बाइडेनको अभियानमा सामेल हुन चाहेको सबैभन्दा पहिले जानकारी गराएको थियो।

बाइडेन प्रशासनमा सामेल हुनु अघि केरीले जलवायुसम्बन्धी विषयमा लामो समयदेखि काम गरेका थिए। सन् २०१५ मा करीब २०० राष्ट्रले स्वीकार गरेको जलवायु परिवर्तनका नकारात्मक प्रभावलाई सम्बोधन गर्ने उद्देश्यले गरिएको पेरिस सम्झौता वार्तामा उनले महत्त्वपूर्ण भूमिका निर्वाह गरेका थिए।

सन् २०१९ मा केरीले जलवायु सङ्कटसँग जुध्न विश्वका नेता र सेलिब्रेटीहरूको द्विपक्षीय पहलको लागि विशेष भूमिका खेलेका थिए।

यस पहललाई जलवायु सङ्कटसँग जुध्नका लागि भएको 'वर्ल्ड वार जीरो' भनिन्छ।

केरीले दशकौंसम्म सिनेटमा जो बाइडेनसँगै काम गरेका थिए। उनी सन् १९८४ मा म्यासाचुसेट्सको प्रतिनिधित्व गर्न सिनेटमा पहिलोपटक निर्वाचित भएका र गभर्नर माइकल डुकाकिसको नेतृत्वमा राज्यको लेफ्टिनेन्ट गभर्नरको रूपमा सेवा गरेका थिए।

सन् २००४ को आम निर्वाचनमा तत्कालीन राष्ट्रपति जर्ज डब्लु बुशसँग पराजित हुनु अघि केरीले डेमाक्र्याटिक पार्टीका तर्फबाट राष्ट्रपति पदका लागि उम्मेदवारी मनोनयन गराएका थिए। सन् २००९ मा बाइडेन उपराष्ट्रपति भएपछि केरीले बाइडेनले सम्हाल्दै आएको सिनेटको विदेश सम्बन्ध समितिको अध्यक्षको जिम्मेवारी सम्हालेका थिए। उनलाई सन् २०१२ मा बराक ओबामाले विदेशमन्त्री नियुक्त गरेका थिए।

केरीले भियतनामको नौसेनामा मेकोङ डेल्टामा गनबोट अफिसरको रूपमा पनि सेवा गरेका र प्रसिद्ध अमेरिकी पुरस्कार सिल्भर स्टार, ब्रोन्ज स्टार र श्री पर्पल हार्ट्सबाट सम्मानित भएका छन्। रासस

# उत्तर कोरियाले 'ब्यालेस्टिक क्षेप्यास्त्र' परीक्षण गरेको दक्षिण कोरियाली सेनाको दाबी

सियोल, २९ पुस/एएफपी

प्योङयाङले दक्षिण कोरियासँगको तनावपूर्ण समुद्री सीमा नजीक 'प्रत्यक्ष हतियार प्रहार' को अभ्यास गरेको केही दिनपछि उत्तर कोरियाले आइतवार अर्को एउटा ब्यालेस्टिक क्षेप्यास्त्र परीक्षण गरेको दक्षिण कोरियाली सेनाले जनाएको छ।

"उत्तर कोरियाले पूर्वी सागरतर्फ अज्ञात ब्यालेस्टिक क्षेप्यास्त्र प्रहार गरेको छ"–सियोलका ज्वाइन्ट चिफ अफ स्टाफले एक विज्ञप्ति जारी गर्दै भनेका छन्। ज्वाइन्ट चिफ अफ स्टाफले त्यस्तो प्रक्षेपण भएको पत्ता लागेको कुरा त बताए, तर यसबारे थप विवरण भने दिएका छैनन्।

जापानको तटरक्षक बलले उत्तर कोरियाको रक्षा मन्त्रालय र चेतावनीवाहक जहाजहरूको जानकारीलाई उद्धृत गर्दै 'सम्भावित ब्यालेस्टिक क्षेप्यास्त्र' उत्तर कोरियाबाट प्रक्षेपण गरिएको बताएको छ।

उत्तर कोरियाले पछिल्लोपटक ह्वासोङ–१८ ठोस इन्धनले चल्ने अन्तर्महादेशीय ब्यालिस्टिक क्षेप्यास्त्र परीक्षण गरेको थियो।

केही दिन अघि उत्तर कोरियाले दक्षिण कोरियाको समुद्री सीमा नजीक दुर्लभ 'प्रत्यक्ष आक्रमणको अभ्यास' गरेको थियो, जसका कारण केही दक्षिण कोरियाली सीमावर्ती टापूमा सावधानीका लागि निर्देशन जारी गरिएको थियो।

उत्तर कोरियाली नेता किम जोङ उनले यसै साताको शुरूमा सियोललाई आफ्नो 'प्रमुख शत्रु' को संज्ञा मात्र दिएका छैनन्, दक्षिण कोरियालाई ध्वस्त पार्न कुनै पनि अवस्थामा नहिचकिचाउने चेतावनी दिएका छन्।

"ऐतिहासिक समय अन्ततः आएको छ, अब हामीले दक्षिण कोरियालाई 'प्रमुख शत्रर राष्ट्र'को रूपमा परिभाषित गर्नुपर्छ"–किमले बुधवार कोरियाली केन्द्रीय समाचार निकाय (केसिएनए) लाई उद्धृत गर्दै भनेका छन्।

विश्लेषकहरूले त्यति बेला यो परिवर्तन महत्त्वपूर्ण रहेको बताएका छन्। उनीहरूले प्योङयाङको सियोलप्रतिको दृष्टिकोणमा आएको परिवर्तनलाई 'अति–उग्र मोड' मा परिवर्तनको सङ्केतको रूपमा लिएका थिए।

किमले आणविक शक्तिको रूपमा देशको स्थायी हैसियतलाई संविधानमा समावेश गरेपछि र धेरै उन्नत अन्तर्महादेशीय ब्यालेस्टिक क्षेप्यास्त्रहरूको परीक्षण गरेपछि दुई कोरियाबीचको सम्बन्ध दशकौं यताकै सबैभन्दा खराब अवस्थामा पुगेको छ। रासस



**धान थन्क्याउँदै किसान:** धान थन्क्याउने तयारी गर्दै इलामको माङ्सेबुङ गाउँपालिका–१ गजुरमुखीका किसान। तस्बिर: रासस

# 'सरकारको तर्फबाट निर्माण व्यवसायीलाई भुक्तानी गर्नुपर्ने रकम तत्काल निकासा हुन्छ'

काठमाडौं, २९ पुस/रासस

निर्माण व्यवसायीलाई सरकारका तर्फबाट भुक्तानी गर्नुपर्ने रकम तत्काल भुक्तानी हुने भएको छ। प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको कार्यकक्ष सिंहदरबारमा आइतवार सम्पन्न छलफलपछि निर्माण व्यवसायीले भुक्तानी पाउनुपर्ने रकम निकासाको प्रक्रिया आजै अगाडि बढाउने निर्णय भएको हो।

अर्थमन्त्री डा प्रकाशशरण महत, भौतिक योजना तथा यातायातमन्त्री प्रकाश ज्वाला, मुख्यसचिव डा वैकुण्ठ अर्याल, अर्थसचिव डा कृष्णहरि पुष्कर, भौतिक मन्त्रालयका सचिव केशवकुमार शर्मा, सडक विभागका महानिर्देशक सुशीलबाबू ढकालसहितको छलफलपछि आजै भुक्तानीको प्रक्रिया अगाडि बढाउने निर्णय भएको हो।

छलफलमा प्रधानमन्त्रीले निर्माण व्यवसायीको गत आर्थिक वर्षकै भुक्तानी गर्न बाँकी रु एक अर्ब ७१ करोड र चालू आवको अहिलेसम्मको दायित्व गरी रु छ अर्ब ३० करोड तत्काल निकासा गरेर विकास निर्माणका काममा गति दिन अर्थ मन्त्रालयलाई निर्देशन दिएको जनाइएको छ।

प्रधानमन्त्रीको निर्देशनपछि भएको छलफलमा अर्थ मन्त्रालयले आजै भुक्तानीको प्रक्रिया अगाडि बढाउने निर्णय भएको हो। यो निर्णयसँगै विकास निर्माणका कामले गति लिने र अर्थतन्त्र थप चलायमान हुने अपेक्षा गरिएको छ।

# उम्मेदवारले साढे तीन लाखसम्म खर्च गर्न पाउने

काठमाडौं, २९ पुस/रासस

निर्वाचन आयोगले आगामी माघ ११ गते हुने राष्ट्रियसभा सदस्यको निर्वाचनमा उम्मेदवारले खर्च गर्न पाउने हद तोकेको छ।

निर्वाचनका उम्मेदवारले राष्ट्रियसभा सदस्य निर्वाचन ऐन, २०७५ को दफा ६५ तथा राष्ट्रियसभा सदस्य निर्वाचन नियमावली, २०७६ को नियम ४६ (१) सँग सम्बन्धित अनुसूची–१ बमोजिम साढे तीन लाखसम्म खर्च गर्न पाउने व्यवस्था गरिएको छ। आयोगले आइतवार निर्वाचनमा उम्मेदवारले खर्च गर्न पाउने हद तोकेको हो।

उक्त खर्च मतदाता नामावली खरीद, सवारीसाधन तथा इन्धन, प्रचारप्रसार सामग्री, ढुवानी, गोष्ठी, अन्तर्क्रिया, कार्यालय सञ्चालन, प्रतिनिधि परिचालन र विविध शीर्षकमा गर्न सकिने आयोगले जनाएको छ।

आयोगका प्रवक्ता शालिग्राम शर्मा पौड्यालले आज विज्ञप्ति जारी गरी उम्मेदवारले खर्च गर्दा बैंक वा वित्तीय संस्थामा छुट्टै खाता खोली सोही खाताबाट खर्च गर्न र यसरी खर्च गर्दा निजको तर्फबाट खर्च गर्ने जिम्मेवार पदाधिकारी तोकी निजको विवरण निर्वाचन अधिकृतको कार्यालय तथा निर्वाचन कार्यालयमा जानकारी गराउन निर्देश गरिएको जनाएका छन्।

निर्वाचन खर्चको विवरण निर्वाचन सम्पन्न भएपछि सार्वजनिक गरी राष्ट्रियसभा सदस्य निर्वाचन ऐन, २०७५ को दफा ६५ तथा निर्वाचन (कसूर तथा सजाय) ऐन, २०७३ को दफा ३१ बमोजिम निर्वाचन परिणाम घोषणा भएको ३० दिनभित्र आयोग वा निर्वाचन कार्यालयमा पेश गर्नसमेत आयोगले सूचित गरेको छ।

१९ सदस्यीय पदका लागि हुने निर्वाचनका लागि सातै प्रदेशमा ५१ जना उम्मेदवार कायम रहेका छन्। ती उम्मेदवारलाई आयोगले शनिवार निर्वाचन चिह्न वितरण गरिसकेको छ।


**रानीघाट–पोखरिया बस समिति**

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसो: ३:४० बजे


# सामानसहित टचाक्टर नियन्त्रण

प्रस, वीरगंज, २९ पुस/

जिल्ला प्रहरी कार्यालय, बाराले विभिन्न ठाउँबाट १४ लाखभन्दा बढी मूल्य बराबरको भन्सार छलीका सामानसहित टचाक्टर नियन्त्रणमा लिएको छ।

बाराको निजगढ, मटिअर्वा, कचोर्वा, मुसहर्वा र बेनौलीबाट भन्सार छलीका सामान बरामद गरिएको जिप्रका, बाराका प्रवक्ता दधिराम न्यौपानेले बताए।

उनका अनुसार प्रहरीले चलाएको विशेष जाँच अन्तर्गत विभिन्न ठाउँबाट कपडा, चिनी, प्याज, मकै, मोबिलसहितका चोरी पैठारी गरी ल्याइएका सामान पक्राउ गरिएको हो।

बिलविना मकै ल्याउँदै गरेको ना.४त १९०६ नम्बरको टचाक्टर नियन्त्रणमा लिएको प्रवक्ता न्यौपानेले बताए।

बरामद भन्सार छलीका सबै सामानसहित टचाक्टर कारबाईको लागि सम्बन्धित निकायमा पठाइएको प्रवक्ता न्यौपानेले बताए।

## आजको राशिफल

| | |
|---|---|
| मेष – मनोरञ्जन | वृष – कर्मप्राप्ति |
| मिथुन – धार्मिकरुचि | कर्कट – रोगभय |
| सिंह – व्यापारवृद्धि | कन्या – शत्रुपराजय |
| तुला – सुसमाचार | वृश्चिक – भयचिन्ता |
| धनु – मित्रमिलन | मकर – अतिथिआगमन |
| कुम्भ – सुयश | मीन – अलमल |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया


यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ।

बिल, बूक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फ्लेक्स, ब्यानर

प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज–११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१–५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com



जीतपुरसिमरा उपमहानगरपालिका–७ जीतपुर बजारमा मकर सङ्क्रान्तिको अवसरमा सखरबाट बनाइएको लड्डु, तिलौरा, चाकुलगायतका मिष्ठान्न किन्दै सर्वसाधारण। तस्वीर: नरेश यादव/प्रतीक

# बैंकहरूविरुद्ध उद्योगी–व्यापारीको विरोध प्रदर्शन




तस्वीर: सौजन्य

प्रस, जनकपुर, २९ पुस/

जनकपुरका उद्योगी–व्यापारीहरूले बैंकहरूविरुद्ध विरोध प्रदर्शन गरेका छन्। आइतवार पीडित उद्योगी–व्यवसायी सङ्घर्ष समितिले विभिन्न माग राख्दै जनकपुरधाममा बैंकहरूविरुद्ध प्रदर्शन गरेको थियो।

बैंकको चर्को ब्याजविरुद्ध जनकचोकबाट उद्योगी–व्यवसायीपीडित सङ्घर्ष समितिले विरोध ऱ्याली निकाल्दै राष्ट्र बैंकअगाडि पुगेर धर्नामा परिणत भएको थियो।

समितिका संयोजक सुधीर पञ्जियारले नेपालमा आफूहरूलाई गरिखान पाउनुपर्ने वातावरण बनाइदिन बैंकहरूसँग आग्रह गरे। उनले व्यापारीहरूले आठ प्रतिशतमा लिएको ब्याज १५ प्रतिशतसम्म पुऱ्याउँदासमेत चुप लागेर बस्नुपर्ने अवस्थाको अन्त्य हुनुपर्ने बताए। बैंकर्स तथा वित्तीय संस्थाहरू सामन्ती बनिरहेको आरोप लगाउँदै उनले बैंकको ब्याजदर १० प्रतिशतभन्दा कम हुनुपर्ने, ब्याज बुझाउन थप समय दिनुपर्ने, ब्याज नबुझाएसम्मका लागि डाक लिलाम नराख्नका साथै कालोसूचीमा नराख्न माग गरेका छन्। उनले आफूहरूको माग सम्बोधन नभए सशक्त आन्दोलन गर्ने चेतावनीसमेत दिए।


## भूकम्पको जोखिमबाट बच्ने उपाय

- भूकम्पको जोखिम र त्यसबाट बच्ने उपायबारे जानकारी आदानप्रदान गरौं,
- घरभित्रका फर्निचर, सजावटका सामान, पानी ट्की नहल्लने र नखस्ने गरी बलियोसँग राखौं,
- घर, विद्यालय तथा कार्यालयमा भूकम्पको समयमा सुरक्षित रहन सकिने स्थानको पहिचान गरौं,
- भूकम्पको समयमा आत्तिएर भाग्ने वा दगुर्ने नगरौं,
- भूकम्पको बेला खुला र सुरक्षित स्थानमा जाऔं,
- प्राथमिक स्वास्थ्य उपचारको विषयमा जानकारी राखौं,
- आफू सुरक्षित भई अरूको सुरक्षामा ध्यान दिऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड



Make your stay with us is a
memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj
Call - 51525252, 98028 19788, 98028 19787
Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,


## चामल बरामद

प्रस, वीरगंज, २९ पुस/

जिल्ला प्रहरी कार्यालय, बाराले पाँच लाख ८८ हजार मूल्य बराबरको सात हजार किलो चामलसहित ट्रकलाई नियन्त्रणमा लिएको जनाएको छ।

प्रहरी चौकी पथलैयाले चेकजाँच गर्ने क्रममा प्रसौनीबाट चितवनतर्फ जाँदै गरेको म.प्र.–०३–००१ क २२४१ नम्बरको ट्रक चेकजाँच गर्दा मूअकर बिल र अनलाइन बिलमा परिमाण र मूल्य फरक रहेको पाइएपछि पाँच लाख ८८ हजार मूल्य बराबरको सात हजार किलो चामल बरामद गरिएको जिल्ला प्रहरी कार्यालय, बाराका प्रवक्ता दधिराम न्यौपानेले बताएका छन्।

## गाँजासहित एकजना पक्राउ

प्रस, मकवानपुर, २९ पुस/

हेटौंडा उपमहानगरपालिका–१० बसपार्कबाट पाँच किलो गाँजासहित एकजना पक्राउ परेको प्रहरीले जनाएको छ।

सर्लाहीको मलङ्गवा नगरपालिका–१० बस्ने १९ वर्षीय इन्ताज आलमलाई आइतवार बिहान प्रहरीले पक्राउ गरेको हो। प्रहरी चौकी बसपार्कबाट खटिएको प्रहरीले उनलाई पाँच किलो गाँजासहित पक्राउ गरी अनुसन्धान गरिरहेको प्रहरीले जनाएको छ।

# खेलकूदको संसार

## एनआई टी–२०: वीरगंज सेन्ट्रल विजयी

प्रस, वीरगंज, २९ पुस/

नेशनल इन्फोटेक (एनआई) कप टी–२० प्रतियोगिता अन्तर्गत आइतवार सम्पन्न खेलमा वीरगंज सेन्ट्रल कलेजले ग्लोबल बिजनेश क्लबलाई सात विकेटले पराजित गरेको छ।




तस्वीर: प्रतीक

नारायणी क्रिकेट रङ्गशालामा जारी प्रतियोगितामा टस हारेको ग्लोबल बिजनेशले पहिले ब्याटिङ गर्दै निर्धारित २० ओभरको खेलमा सात विकेट गुमाएर ९३ रन बनाएको थियो। ग्लोबलका विवेक यादवले १८, आदर्श भण्डारीले १६ र साहिल सर्राफले १२ रन बनाएका थिए। वीरगंज सेन्ट्रलका निकेश गुप्ताले तीन विकेट लिए भने मुकेश मण्डल र प्रेम प्रकाशले एक/एक विकेट लिए। ९४ रनको विजयी लक्ष्य लिएर मैदानमा उत्रेको वीरगंज सेन्ट्रलले १५ ओभरमा तीन विकेट गुमाएर विजयी लक्ष्य हासिल गरेको थियो।

वीरगंज सेन्ट्रलका कमलेश दासले ४७ रन बनाए भने निकेश गुप्ताले ३२ रन बनाएका थिए। ग्लोबल बिजनेशका आदर्श भण्डारीले दुई र अफन मल्लिकले एक विकेट लिए। यस खेलको 'म्यान अफ दी म्याच' निकेश गुप्ता घोषित भए।




यसैगरी, आजै भएको वीरगंज कलेज र नेशनल एकेडेमीबीचको खेलमा नेशनल एकेडेमी चार विकेटले विजयी भएको छ। पहिले ब्याटिङ गर्दै वीरगंज कलेजले १९.३ ओभरमा सबै विकेट गुमाएर ९६ रन बनाएको थियो। वीरगंज कलेजका आदित्य पासवानले २०, आकाश यादवले १९ र सन्देश बैठाले ११ रन बनाए भने नेशनल एकेडेमीका रोशन पटेल, विशाल गुप्ताले तीन/तीन र साहनीकुमार कलवारले दुई विकेट लिए।

प्रतिउत्तरमा नेशनल एकेडेमीले १३ ओभरमा छ विकेट गुमाइ सय रन बनाएर विजयी भएको थियो। नेशनल एकेडेमीका आबिदबाबू ठकुराईले ४७ रन र शिवचन्द्र प्रसादले १० रन बनाए। नेशनल एकेडेमीका रामप्रवेश पण्डितले तीन र मुकेश साहले एक विकेट लिए।

यस खेलको 'म्यान अफ दी म्याच' आबिदबाबू ठकुराई घोषित भए।

## प्रधानमन्त्री कप क्रिकेट : एपिएफले बाग्मतीलाई हरायो

काठमाडौं, २९ पुस/रासस

प्रधानमन्त्री कप राष्ट्रिय क्रिकेट प्रतियोगितामा नेपाल एपिएफ क्लबले बाग्मती प्रदेशलाई पराजित गर्दै प्रतियोगितामा सुखद सुरुआत गरेको छ। कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा आइतवार भएको खेलमा एपिएफले बाग्मती प्रदेशमाथि ८९ रनको जीत निकालेको हो। जीतका लागि २४२ रनको विजयी लक्ष्य पछ्याएको बाग्मती ४२ दशमलव पाँच ओभरमा सबै विकेट गुमाउँदै १५२ रनमा समेटियो।

बाग्मतीका लागि कप्तान रीत गौतमले सर्वाधिक ६६ रनको योगदान दिए। उनले ८९ बलमा आठ चौकासहित सर्वाधिक ६६ रन बनाएका थिए।

ओपनर आशुतोष घिरैयाले ५७ बलमा पाँच चौकासहित ४१ रन बनाए। त्यसबाहेक अन्य कुनै पनि ब्याटरले राम्रो प्रदर्शन गर्न सकेनन्।

बलिङतर्फ एपिएफका रोहित पौडेलले चार विकेट लिए भने अभिनाश बोहरा र श्याम ढकालले समान दुई/दुई विकेट लिए। पुरन विक र भुवन कार्कीले समान एक/एक विकेट लिए।

त्यसअघि टस हारेर पहिले ब्याटिङ गरेको एपिएफले निर्धारित ५० ओभरमा नौ विकेट गुमाउँदै २४१ रनको योगदान बनाएको थियो। एपिएफका लागि सन्दीप जोराले १०३ बलमा शतक पूरा गरे। उनले सन्दीपले ११७ बलमा सात चौका र पाँच छक्का प्रहार गर्दै ११२ रनको योगदान दिए।

त्यस्तै, लोकेश बमले २७ रन जोडे भने अमर रौतेलाले २२ रन बनाए। आसिफ शेखले १५ रन बनाए। प्रज्जवल शाही र भुवन कार्कीले समान १०/१० रन बनाए।

बलिङतर्फ बाग्मतीका सूर्य तामाङले तीन विकेट लिए भने प्रतीश जिसी र रिजन ढकालले समान एक/एक विकेट लिए। त्यस्तै, सोनु देवकोटाले एक विकेट लिए। यस हारसँगै बाग्मती प्रदेशको यो दोस्रो हार हो। हिजो भएको पहिलो खेलमा बाग्मती नेपाल पुलिस क्लबसँग ६८ रनले पराजित भएको थियो।

वीरगंज महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय

## वडा नं ३१ भेडाहा खोलाबाट नदीजन्य पदार्थको बिक्रीका लागि बोलपत्र आह्वानसम्बन्धी ३0 दिने सूचना

(प्रथमपटक प्रकाशित मितिः– २०८०/१०/०१)

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ र वीरगंज महानगरपालिकाको आर्थिक ऐन, २०८० को दफा १४ को व्यवस्था बमोजिम तपसिलमा उल्लिखित नदीको स्वीकृत घाटहरूबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन गरी वीरगंज महानगरपालिकाले तोकेको दरमा बिक्री गर्नेगरी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरूले फर्मको नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आव २०७९/८० को करचुक्ता प्रमाणपत्र र नेपाली नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरू संलग्न गरी बोलपत्रमा उल्लिखित शर्तहरूको अधीनमा रही बोलपत्र प्रक्रियामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

तपसिल

| सिनं | सूचना नं/ बोलपत्र नं | बोलपत्रको नाम | उत्खनन परिमाण (घनफिट) | न्यूनतम बोलपत्र रकम (सेवा शुल्क र मूअकरबाहेक) | धरौटी रकम | बोलपत्र दस्तुर (रु) |
|---|---|---|---|---|---|---|
| १ | २/२०८०/०८१ | भेडाहा खोला– नदीजन्य पदार्थ उत्खनन, सङ्कलन तथा बिक्री वितरण | ३२६४५.५० | ६५,२९,१००।– | कबोल अङ्कको पाँच प्रतिशत | ३,०००।– |

नोटः– शर्त एवं विस्तृत जानकारीको लागि यस कार्यालयको वेबसाइट birgunjmun.gov.np वा वीमनपा राजस्व व्यवस्थापन महाशाखामा सम्पर्क गर्न जानकारी गराइन्छ।